# लेखापरीक्षण प्रतिवेदन

# कपुरकोट गाउँपालिका, सल्यान

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## कपुरकोट गाउँपालिका, सल्यान

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/76

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
कपुरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सल्यान।

## कैफियतसहितको राय

हामीले कपुरकोट गाउँपालिका, सल्यानको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.६ करोड ९९ लाख ९६ हजार, एकिकृत स्वास्थ्य पूर्वाधार विकास आयोजनाको रु. ५ करोड ४१ लाख ४६ हजार र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. ३ लाख ३६ हजार समेत गरी रु.१२ करोड ४४ लाख ७८ हजार समावेश गरेको छैन।

२. पालिकाको रु.९९ करोड ५८ लाख ७३ हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड ७७ लाख ३० हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया प्राप्त भई रु. १३ लाख २ हजार फर्स्यौट हुँदा रु. ३८ हजार बेरुजु थप भएकाले रु. १ करोड ६४ लाख ६६ हजार बेरुजु कायम भएको छ । उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू. ३ लाख ७६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५६ लाख ७९ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ४ लाख ११ हजार रहेको छ। गत वर्षसम्म रु.१३ करोड ७६ लाख ३१ हजार बेरुजू बाँकी रहेकोमा रु. ८७ हजार सम्परीक्षण भई रु. १३ करोड ७५ लाख ४४ हजार बाँकी रहेकोमा यस वर्षको बेरुजु रु. १ करोड ६४ लाख ६६ हजार थप हुँदा हालसम्मको अद्यावधिक बेरुजू रु.१५ करोड ४० लाख १० हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा सबै लेखा टिप्पणीहरु र सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटीका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय

जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटी पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

चालु आर्थिक वर्षको

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७२ | १७९ | १,७७,२९,८१० | ० | १२४ | १३,०२,१०१ | ३७,८०० | ७२ | ५५ | १,६४,६५,५०९ | ३,७५,८०१ | १,०४,१०,५७४ | ५६,७९,१३४ | ० | ० | १,६०,८९,७०८ | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सल्यान | १३,७६,३१,००८ | ० | ८६,५७४ | १३,७५,४४,४३४ | ० | १,६४,६५,५०९ | १५,४०,०९,९४३ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ७१ | श्रेष्ता पेस नभएको | १,४२,५०० |
| २ | २०८०/८१ | ६० | वैठक भत्ता | १,९६,०९५ |
| ३ | २०८०/८१ | ७४ | विपत व्यवस्थापन तथा विपन्न सहायता कार्यक्रम | १४,५०० |
| ४ | २०८०/८१ | ६२ | लेखा समिति | ८०,७५० |
| ५ | २०८०/८१ | ७५ | योजना जाँचपास तथा फरफारक | ३,७८,६७५ |
| ६ | २०८०/८१ | ५७ | यातायात खर्च | ३७,८०० |
| ७ | २०८०/८१ | ५५ | बढी पारिश्रमिक भुक्तानी | ४,००० |
| ८ | २०८०/८१ | ८४ | पारिश्रमिक कर | ३,०७२ |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८०/८१ | ८६ | पाठ्यपुस्तक | १४,०४६ |
| १० | २०८०/८१ | ६६.१ | तालिम | ३५,७०० |
| ११ | २०८०/८१ | ८७ | छात्रवृत्ति अनुदान | २०,८०० |
| १२ | २०८०/८१ | ७० | गाउँसभा र गाउँकार्यपालिका | ३,६९,७५० |
| १३ | २०८०/८१ | १०२ | आन्तरिक लेखापरीक्षण | ४,४१३ |
| १४ | २०७९/८० | विभिन्न | संघिय सशर्त चालु शिक्षा तर्फ | २५,४६१ |
| १५ | २०७८/७९ | विभिन्न | बढी ग्रेड भुक्तानी | ३५,९८३ |
| १६ | २०७८/७९ | विभिन्न | प्रशिक्षक भत्ता | २,२१० |
| १७ | २०७८/७९ | विभिन्न | दिवा खाजा | ४२० |
| १८ | २०७८/७९ | विभिन्न | अग्रीम कर | २२,५०० |
| जम्मा | | | | १३,८८,६७५ |

# (८०६६०५०१३०० - कपुरकोट गाउँपालिका, सल्यान )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय लोकतन्त्र स्थापना गरी लाभ जनतासम्म पुर्याउने समानुपातिक समावेशी र न्यायोचित वितरणद्धारा कानुनी राज्य र दिगो विकासको अवधारणf अनुरुप ३ तहको सरकार विचको सहकारिता, सहअस्तित्व र समन्वय प्रवर्धन गरी उत्तरदायित्व र जिम्मेवारीको पारदर्शिता निश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्न २०७३ सालमा यस गाउपालिकाको स्थापना भएको हो । कर्णाली प्रदेश, सल्यान जिल्ला स्थित १७५४८ जनसंख्या भएको यो गाउपालिकामा ११९.२१ वर्ग कि.मि. क्षेत्रफल र ६ वडा रहेका छन।

**(ख) लेखापरीक्षणको उद्देश्य** :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०८।०२ देखि २०८१ ।०९।१० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** :- कार्यालयको रु. ९९ करोड ९८ लाख ७३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । उक्त रकमको को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१३,८८०/-असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | पारिश्रमिक कर दाखिला | १३८८० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०८०। ८१ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

२.१ **वित्तीय प्रतिवेदन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | |
|---|---|---|
| **आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१** | | |
| **क्र.स.** | **विवरण** | **जम्मा** |
| १ | कर | ७,१२,७३,३८२.०९ |
| २ | अनुदान | २७,१४,६२,२५०.४६ |
| ३ | अन्य राजस्व | ६६,६६,७१६.४७ |
| ४ | विविध प्राप्ति | ३२,९०२.०० |
| **क** | **कुल जम्मा प्राप्ति** | **३४,९४,३५,२५१.०२** |
| **१** | **चालु** | **२४,६०,९६,९७९.२४** |
| १.१ | पारिश्रमिक / सुविधा | ११,४२,८०,०८८.२४ |
| १.२ | मालसामान तथा सेवाको उपयोग | १०,७९,८६,७३१.०० |
| १.३ | सहायता (Subsidy) | ६५,३३,४४३.०० |
| १.४ | अनुदान | ७०,००,०००.०० |
| १.५ | सामाजिक सुरक्षा | ९२,९०,३६७.०० |
| १.६ | अन्य खर्च | १०,०६,३५०.०० |
| **२** | **पूंजीगत** | **९,८३,९२,४३०.००** |
| २.१ | भवन तथा संरचना | ३,५६,५४,१६७.०० |
| २.२ | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ५१,८३,१५७.०० |
| २.३ | अन्य पूँजीगत खर्च | ६६,२०,४३६.०० |
| २.४ | सार्वजनिक निर्माण | ५,०४,१७,५१५.०० |
| २.५ | निर्मितसरचनाको सुधार खर्च | ४,१४,०००.०० |
| २.६ | पूँजीगत सुधार खर्च | १,०३,१५५.०० |
| **ख)** | **कुल जम्मा भुक्तानी** | **३४,४४,८९,४०९.२४** |
| ग) | बचत/कमी (ग = क-ख ) | ४९,४५,८४१.७८ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | (२०,५०,१५७.०२) |
| ङ) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | -१३,३४७.९१ |
| च) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत/(कमी)) (च = ग+घ) | २८,९५,६८४.७६ |
| **छ)** | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | **१,३२,६२,०२२.९७** |
| **ज)** | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज=च+छ)** | **१,६१,५७,७०७.७३** |

कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट निकासा प्राप्त

| बजेटउपशिर्षक | कार्यक्रम | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| ३१४०१०१२३ | सामाजिकसुरक्षा तथा संरक्षण | ७३३४४००० | ६९९९६००९ | ६९९९६००९ |
| ३७०००११६४ | एकिकृतस्वास्थ्य पुर्वाधार विकास | ५४१४८००० | ५४१४६२८८ | ५४१४६२८८ |
| ३७०००११४३ | स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | ४५०००० | ० | ० |
| **जम्मा** | | **१२७९४२०००** | **१२४१४२२९७** | **१२४१४२२९७** |

प्रदेश लेखा इकाईबाट निकासा प्राप्त

| बजेटउपशिर्षक | कार्यक्रम | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| ३१४०००११३ | आन्तरिकमामिला तथा कानून मन्त्रालय | ३३६००० | ३३६००० | ३३६००० |
| **जम्मा** | | **३३६०००** | **३३६०००** | **३३६०००** |

२.२ **वित्तीय विवरणको यथार्थता** : पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ६,९९,९६,००९/-, एकिकृत स्वास्थ्य पुर्वाधार विकासको रु. ५,४१,४६,२८८/-, र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. ३,३६,०००/- समेत गरी रु. १२,४४,७८,२९७/- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाव** : यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको मौज्दात रु. १४३७५९/६८, यस वर्षको प्राप्ति रु. १४,८७,०७,७७३/-, यस वर्षको भुक्तानी रु. १५,०८,८८,३४१/७९ र बाँकी मौज्दात रु. २०३६८०९/११ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति (आय) | यस वर्षको भुक्तानी (व्यय) | बाँकी मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | १३४०५७८२.६५ | ४९८१४३०२४.०२ | ४९५३७७७५१.०३ | १६१७१०५५.६४ |
| सुत्र अनुसारको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १३२६२०२२.९७ | ३४९४३५२५१.०२ | ३४४४८९४०९.२४ | १८२०७८६४.७५ |
| **फरक** | **१४३७५९.६८** | **१४८७०७७७३.००** | **१५०८८८३४१.७९** | **२०३६८०९.११** |

२.४ **बैङ्क हिसाव विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाको वित्तीय विवरण अनुसार श्रेस्ता र बैङ्क मौज्दात विवरण देहाय अनुसार रहेको छ ।

| खाता | स्रेस्ता अनुसारमौज्दात रु. | बैङ्कस्टेटमेन्ट अनुसारको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| आन्तरिक राजस्व खाता (ग १-१) | | | ० |
| स्थानीय तह बिभाज्य कोष (ग ६-१) | | | ० |
| चालू खर्च खाता- विजोर वर्ष (ग २-१) | | | ० |
| पुँजीगत खर्च खाता- विजोर वर्ष (ग २-३) | | | ० |
| स्थानीय तह सञ्चित कोष खाता (ग ४-१) | ७३४१८२८.१६ | ७३४१८२८.१६ | ० |
| स्थानीय तह धरौटी खाता (ग ३-१) | ७१३४२१४ | ७१३४२१४ | ० |
| विविध खर्च खाता (ग२-७) | | | ० |
| स्थानीय तह विविध कोष खाता (५-१) | १४०३०८८.४८ | १४०३०८८.४८ | ० |
| स्थानीय तह आकस्मिक कोष खाता (७-१) | १६०१४१ | १६०१४१ | ० |
| प्रकोप व्यवस्थापन कोष खाता (ग ७-२) | १३१७८४ | १३१७८४ | ० |
| **जम्मा** | **१६१७१०५५.६४** | **१६१७१०५५.६४** | **०.** |

२.५ **शसर्त अनुदान फिर्ता** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय तथा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार संघिय सशर्त अनुदान तर्फ रु. १,७४,६३,३०४/- र प्रदेश सशर्त तर्फ रु. २,५४,५४४/- गरी जम्मा रु. १,७७,१७,८४८ /- खर्च नभई बाँकी रहेकोमा पालिकाले २०८१ असार ३१ मा फिर्ता गरेको देखिन्छ ।

| अनुदानप्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | खर्च नभईबाँकी | फिर्ता रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त चालु | १५३८९२५०० | १३९४२७२२२ | १४४६५२७८ | |
| | शसर्त पुँजीगत | २२०००००० | १९०२४८८६ | २९७५११४ | |
| | विषेश | ५९७५००४ | ५९५८०७३ | १६९३१ | |
| | समपुरक | ४३९१८९१ | ४३८५९१० | ५९८१ | |
| **जम्मा** | | **१८६२५९३९५** | **१६८७९६०९१** | **१७४६३३०४** | **१७४६३३०४** |
| प्रदेश सरकार | शसर्त चालु | ३२९६००६ | ३०५१९१६ | २४४०९० | |
| | शसर्त पुँजीगत | १५१८०६९७ | १५१७०२४३ | १०४५४ | |
| **जम्मा** | | **१८४७६७०३** | **१८२२२१५९** | **२५४५४४** | **२५४५४४** |
| **कुल जम्मा** | | **२०४७३६०९८** | **१८७०१८२५०** | **१७७१७८४८** | **१७७१७८४८** |

२.६ **बजेट पेश पारित र अख्तियारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८०/३/१० मा रु. ४० करोड ३६ लाख ३० हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०/३/१८ मा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले मिति २०८०/४/५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐनले तोकेको अवधि भित्र बजेट अख्तियारी प्रदान गरिनु पर्दछ ।

२.७ **खर्च बिश्लेषणः** गाउँपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. ८३,०३,२३३/०५ राजस्व बाँडफाँटबाट रु. ६,९५,३९,३५५/७४ र अनुदानबाट रु. २७,१४,६२,२५०/४६ समेत रु. ३४,९३,०४,८३९/२५ आम्दानी भएकोमा गत वर्षको मौज्दात समेतबाट चालु तर्फ रु. २४,६०,९६,९७९/२४ र पूँजिगत तर्फ रु. ९,८३,९२,४३०/- समेत रु. ३४,४४,८९,४०९/२४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा प्रतिशत २.४१ मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. ६५ लाख ५६ हजार खर्च भएको छ जुन आन्तरिक आयको ७८.९६ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७०.४५ प्रतिशत चालु र २९.५५ प्रतिशत पूँजिगत खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ३ योजना तथा वजेट कार्यान्वयन

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले मध्यकालीन खर्च संरचना तयार गरे पनि कार्यान्वयन गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको खरिद कार्य गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले एकिकृत स्वास्थ्य पूर्वाधार समेत रु. १५ करोड २४ लाख ३८ हजारको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. ६ करोड ६ लाख ५६ हजार रकमान्तर गरेको छ।उक्त रकम वजेटको तुलनामा १५.०३ प्रतिशत हुन्छ। स्वीकृत बजेटको तुलनामा ठूलो रकम आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

## ४ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागी क्षेत्रगतरुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्यक्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च (प्रतिशतमा) |
|---|---|---|---|
| आर्थिक विकास | ३३४५५५२० | २७६६०४७३ | ८२.६८ |
| सामाजिक विकास | २०२३२८७१३ | १८२४१८३०५.४६ | ९०.१६ |
| पूर्वाधार विकास | ६१८१८२७० | ४८९४१५२६ | ७९.१७ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८२५००५० | ६४२४१८६ | ७७.८७ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ९४२६२३४७ | ७९०४४९१८.७८ | ८३.८८६ |
| **जम्मा** | **४००११४९००.००** | **३४४४८९४०९.२४** | **८६.०९** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये ८६.०९ प्रतिशत खर्च भएको छ । क्षेत्रगतरुपमा हेर्दा सुशासन र पुर्वाधार विकासको क्षेत्रमा अन्य क्षेत्रमा भन्दा न्यून प्रतिशत खर्च गरेको देखिन्छ । विकासका सबै क्षेत्रमा समानरुपमा बजेट कार्यान्वियन हुनु पर्दछ।

## ५ योजनाको प्राथमिकीरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी, दीगो विकास र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा पालिकास्तरमा ७ वटा र वडास्तरमा ११५ गरी जम्मा १२२ वटा योजना रहेको विवरण उपलब्ध गराएको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका | रु.५ लाख देखि २० लाख सम्म | रु.५लाख भन्दा कम |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ७ | ५ | २ | |
| २ | वडास्तरीय | ११५ | | ४५ | ७० |
| **जम्मा** | | **१२२** | **५** | **४७** | **७०** |

वडा स्तरिय सबैजसो योजनाहरु साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिको खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । स्वीकृत योजना मध्ये रु. ५ लाखभन्दा कमका ३ वटा योजना कार्यान्विन भएको देखिएन। पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## ६ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले त्रैमासिक प्रगती विवरण तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त त्रैमासिक खर्चको विवरण अनुसार कुल पुँजीगत खर्च रु. ९ करोड ८३ लाख ९२ हजार मध्ये प्रथम त्रैमासिकमा २.२५ प्रतिशत, दोश्रो त्रैमासिकमा १२.४५ प्रतिशत, तेश्रो त्रैमासिकमा २०.७७ प्रतिशत र चौथो त्रैमासिकमा ६४.५३ प्रतिशत खर्च गरेको छ भने असार महिनामा मात्र ३३.८५ प्रतिशत खर्च गरेको छ । कार्यान्वियनमा रहेका सबै योजनाहरुको निर्माण कार्य कार्यतालिका अनुरुप कार्य गराउन नसक्दा आर्थिक वर्षको अन्त्यतिर खर्चको भार परेको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा हतारमा काम गराउँदा कामको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी गुणस्तर कायम गर्न समेत कठिनाइ पर्ने भएकोले समयमै निर्माण कार्य गराई खर्च गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ ।

| खर्च विवरण | खर्च (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | कुल खर्च | प्रथम त्रैमासिक | दोश्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| पुँजीगत खर्च | ९८३९२ | २२१९ | १२२५१ | २०४३८ | ६३४८४ | ३३३१० |
| **खर्चप्रतिशत** | **१००** | **२.२५** | **१२.४५** | **२०.७७** | **६४.५३** | **३३.८५** |

७ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अत: बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

८ **सार्वजनिक सम्पत्तिको रेखदेख**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१० **सवारी साधन र मेशिनरीको मर्मत अभिलेख**

सवारी साधन र मेशिनरी औजारको अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गर्नु पर्ने र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस्ता अभिलेख अध्यावधिक गरी राखेको छैन । म .ले.प फारमले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दति लागु गर्नु पर्दछ ।

११ **सम्पत्ति व्यवस्थापन र सुरक्षा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसामान अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री

गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार गरी प्रतिवेदन गर्नुपर्दछ । पालिकाले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन। यसमा सुधार हुनु पर्दछ ।

**१२ आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेकोमा प्रभावकारीरुपमा लागू भएको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय/व्यय अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकाकामा कार्यरत जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा गाउँपालिकाको आन्तरिक लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएपछी गरी प्रतिवेदन पेश गरेको देखियो ।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. २० लाख खर्च लेखेकोमा तोकिएको ढाँचामा अनुगमन प्रतिवेदन पेश गर्ने गरेको छैन साथै भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकमा रू. ९ लाख ४१ हजार खर्च गरेको छ । पालिको आन्तरिक आम्दानी जम्मा रु. ८३ लाख ३ हजार रहेकोमा उक्त आम्दानीको ११.३३ प्रतिशत विविध शीर्षकमा खर्च भएको देखिन्छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**१३ फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै

वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१४ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष कर्मचारी कल्याण कोषमा कुनै रकम जम्मा गरेको देखिँदैन । ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

१५ **ऐनको कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७) मा गाउँपालिकाले गाउँसभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८ (५) मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।यस गाउँपालिकाले कतिपय कार्यक्रम गाउँसभाबाट स्वीकृत भन्दा गाउँकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो।गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन।यसबाट गाउँसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन। गाउँपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ।

१६ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा स्थानीयतहमा एक न्यायिक समिति गठन हुने व्यवस्था छ । त्यस्तै दफा ५३ मा त्यसरी गठन भएको न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार न्यायिक समितिमा गत वर्ष बाँकी रहेका ७ र यस वर्ष दर्ता भएका २९ गरी जम्मा ३६ वटा उजुरी मुद्दा दर्ता भएकोमा २७ वटा उजुरी फर्छ्यौट भई ९ वटा बाँकी रहेको देखिन्छ । त्यस्तै नियम ५३ बमोजिमको न्यायीक समितिले बार्षिक प्रतिवेदन सभा समक्ष पेश गरेको छैन । अत: ऐनमा भएको व्यवस्थाको पूर्ण पालना हुनुपर्दछ ।

१७ **कानून निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । पालिकाले हालसम्म ऐन ३३, नियमावली ४, कार्यविधि ३४, निर्देशिका ३, नमूना विधान ४, आवधिक योजना ५, कार्योजना २, प्रतिवद्धता १, मध्यमकालिन खर्च संरचना १, नीति १ र आन्तरिक नियन्त्रण प्रणाली १ गरी जम्मा ८९ वटा कानून निर्माण गरेको विवरण प्राप्त भएको छ । स्थानीय सरकार सञ्चालन ऐनको परिधिभित्र रही पालिकाले कानुन कार्यान्वयन गर्नु पर्दछ ।

१८ **सेवाप्रवाहको स्थिति**

पालिकाबाट यो वर्ष जन्म दर्ता २४३७ वटा, मृत्यु दर्ता ५४५ वटा, बसाइँसराइ ३०५ वटा, विवाह दर्ता ७२२ वटा, सम्बन्ध विच्छेद ६४ वटा गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग नगरेको कारण सेवा प्रवाह झन्झटिलो र ढिलो भएको देखिएको छ । सूचना प्रविधिको उच्चत्तम प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

१९ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५८ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ४७ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन सहायक, सव-ईन्जिनियर, सहायक, असिष्टेण्ट सब-इन्जिनियर सहित ११ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा

पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य पदपूर्ति हुन बाँकि पदमा छिटो पूर्ति गरी जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाई सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा १९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## २० तलवी प्रतिवेदन

निजामती सेवा ऐन, २०४९ को दफा ७ (२ ख) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने व्यवस्था छ ।पालिकामा कार्यरत कर्मचारीहरुको रु.१,५७,३७,९५८।८७ र स्वास्थ्य तर्फको रु. १,८६,८६,८०२।४६ गरी रु.३,४४,२४,७६१।३३ तलव खर्च लेखेकोमा तलव प्रतिवेदन पारित गरेको छैन । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## २१ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन ।पालिकाले माथी उल्लेखित पदहरूमा बाहेक असिस्टेन्ट सब ईन्जिनयर, सहायक कम्प्युटर अपरेटर, प्राविधिक नायव, अहेव र अमिन पदमा २४ जना कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.७१,४७,४५२ /- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरित करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | पद | कर्मचारी संख्या | यस वर्षको खर्च |
|---|---|---|---|
| १ | असिस्टेन्ट सव इन्जिनियर (सहायकस्तर चौथो) | २ | ८५५४५२ |
| २ | सहायक कम्प्युटर अपरेटर (सहायकस्तर चौथो) | १ | २८६००० |
| ३ | नायव पशु प्राविधिक (सहायकस्तर चौथो) | ५ | १४३०००० |
| ४ | नायव कृषि प्राविधिक (सहायकस्तर चौथो) | ३ | ८५८००० |
| ५ | अ.हे.ब. | ६ | १७१६००० |
| ६ | अ.न.मी. | ७ | २००२००० |
| | **जम्मा** | **२४** | **७१४७४५२** |

| | |
|---|---|
| अनियमित भएको | ७१,४७,४५२ |

## २२ पदाधिकारी सुविधा

नेपालको संविधानको धारा २२७ मा नगर/गाउँ सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन,२०७७ जारी गरेको छ ।उक्त ऐनमा भएको ब्यवस्था अनुसार यस पालिकाबाट आ.व. २०८०/८१ मा रु. ६५ लाख ५६ हजार सुविधा वापत भुक्तानी भएको छ ।

## २३ खरिद व्यवस्थापन

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ ले बार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.

१५ करोड २४ लाख ३८ हजार पूँजीगत खर्च गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२४ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यी आय शीर्षकमा आय अनुमान र असुली स्थितिको विवरण प्राप्त गर्न सकिएन । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२५ **आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ बिभिन्न सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर अनुमानित रु. ८७ लाख ७ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा यस वर्ष बिभिन्न शीर्षकमा रु. ८३ लाख ३ हजार (९५.३६ प्रतिशत) प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ ध्यान दिन आवश्यक देखिएको छ ।

| क्र.सं. | शीर्षक | अनुमान | असुली | असुली % |
|---|---|---|---|---|
| १ | सम्पती कर | ० | २५३८७.६४ | १०० |
| २ | भुमिकर/मालपोत | ५००००० | १६२४४३.०१ | ३२.४९ |
| ३ | वहाल कर | ४५०००० | ५४७५७० | १२१.६८ |
| ४ | सवारी साधनकर (साना सवारी) | ७००० | ० | |
| ५ | पुर्वाधारसेवाको उपयोगमा लाग्ने कर | ५००० | ० | |
| ६ | व्यवसायलेभुक्तानी गर्ने | ५००००० | ३४६२० | ६.९२ |
| ७ | कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५००० | ० | |
| ८ | अन्य कर | ४०००००० | ११७८३६९.४ | २९.४६ |
| ९ | अन्य सेवाशुल्क तथा बिक्री | ० | २६६२५ | १०० |
| १० | न्यायिकदस्तूर | २०००० | ० | |
| ११ | परीक्षाशुल्क | २०००० | ४००. | २ |
| १२ | अन्यप्रशासनिक सेवा शुल्क | ० | १५४२५ | १०० |
| १३ | नक्सापासदस्तुर | १५०००० | ० | |
| १४ | सिफारिशदस्तुर | २५००००० | २८३६९५५.०५ | ११३.४८ |
| १५ | व्यक्तिगतघटना दर्ता दस्तुर | १५०००० | १४३०० | ९.५३ |
| १६ | नाताप्रमाणित दस्तुर | १५०००० | ५००० | ३.३३ |
| १७ | अन्यदस्तुर | ० | ३३४४४८५.९५ | १०० |
| १८ | व्यावसायरजिष्ट्रेशन दस्तुर | ० | ६७०० | १०० |
| १९ | जलस्रोतसम्बन्धी अन्य दस्तुर | ० | १५५० | १०० |
| २० | धरौटीसदरस्याहा | १००००० | ० | ० |
| २१ | अन्यराजस्व | ० | १८५०० | १०० |
| २२ | व्यवसाय कर | ० | ५२००० | १०० |
| २३ | बेरूजू | १५०००० | ३२९०२ | २१.९३ |
| **जम्मा** | | **८७०७०००** | **८३०३२३३.०५** | **९५.३६** |

२६ **सहमतिपत्रको कार्यान्वयन**

यस पालिका र कपुरकोट कोइला सडकखण्डमा सिमेन्ट उद्योगसँग सम्बन्धित टिप्पर चल्ने रोल्पा सिमेन्ट उद्योग, रोल्पा र घोराही सिमेन्ट इण्डस्ट्रिज प्रा.लि. दाङ बिच २०७९ साल श्रावण २४ गते भएको समझदारी पत्रको बुँदा नं. ५ मा सडकबाट प्रभावित क्षेत्रका नागरिकहरुलाई केहीहदसम्म राहत दिन सामाजिक उत्तरदायित्वको बोध गरी उद्योगीहरुबाट जनही वार्षिक रु. १० लाख र गाउँपालिकाबाट वार्षिक रु. ५ लाख रुपैँया दायित्व वहन हुने गरी साझेदारीमा वार्षिक रु. २५ लाख रुपैयाँको खर्च व्यवस्थापन गर्न पहिलो वर्षको हकमा आषाढ मसान्तभित्र एउटा कोष स्थापना गरी सक्नु पर्ने र सो कोष सञ्चालनका लागी उद्योगीहरु र पालिकाको

प्रतिनिधीको सहभागीतामा कोष सञ्चालक समिति गठन गरी प्रभावित क्षेत्रका असहाय र विपन्न नागरिकको स्वास्थ्य उपचारमा सहयोग गर्ने, सडक आसपासमा चर्किएका घर र सार्वजनिक सम्पत्तीको मर्मत सम्भार गर्ने, सामुदायिक विद्यालयहरुमा अध्ययनरत गरिब विद्यार्थीहरुलाई आवश्यक सहयोग गर्ने र अन्य सामाजिक कार्य गर्ने भन्ने सहमती भएको छ । सहमतीपत्र बमोजिम हालसम्म घोराही सिमेन्ट दाङ्गले दुई वर्षको रु. २० लाख र रोल्पा सिमेन्ट उद्योग रोल्पाले दुई वर्षको रु. २० लाख गरी रु. ४० लाख रकम पालिकाको खातामा जम्मा गरी पालिकाको तर्फबाट रु. १० लाख थप गरी रु. ५० लाखको कोष सञ्चालन हुनुपर्नेमा सिमेन्ट उद्योगहरुले पहिलो वर्ष कुनै रकम उपलब्ध नगराएका कारण कोष खडा हुन सकेको छैन । यस वर्ष घोराही सिमेन्ट दाङ्गले २०८० असोज ९ गते रु. ५ लाख पालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरेको देखिन्छ । सहमती बमोजिम रोल्पा सिमेन्ट उद्योग रोल्पाले दुई वर्षको रु. २० लाख र घोराही सिमेन्ट इण्डस्ट्रिज दाङ्गले बाँकी रु. १५ लाख पालिकाको खातामा जम्मा गरी पालिकाको तर्फबाट रु. १० लाख थप गरी रु. ५० लाखको कोष खडा गरी सहमती पत्रमा भए बमोजिम प्रभावित क्षेत्रका नागरिकहरुका लागी कार्य गरी सामाजिक उत्तरदायित्व वहन गरिनु पर्दछ ।

२७ **घरभाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ बमोजिम सार्वजनिक निकायले घर भाडामा लिनुपर्दा काठमाण्डौ उपत्यका बाहिर क्षेत्रिय वा जिल्ला स्तरको निकायको हकमा ७ दिनको सूचना कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला प्रशासन कार्यालयमा टाँस गर्नुपर्ने व्यवस्था रहेको छ । घर भाडा लिँदा उल्लेखित व्यवस्था बमोजिमको समिति गठन गरी मुल्य निर्धारण गरेको छैन । पालिकाले यो वर्ष घर भाडा वापत रु. ३,७९,६००/- भुक्तानी गरेकोमा नियमावलीमा उल्लेख भए बमोजिम नभएकोले तोकिएको प्रकृया बमोजिम घर भाडा संझौता गरी प्रचलित कानुनको पालना गर्नुपर्दछ ।

२८ **नवीकरण शुल्क**

पालिकाको घ वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा प्रत्येक आर्थिक वर्षको इजाजत पत्र अवधि मान्य रहने र अवधि समाप्त भएको तीन महिना भित्र संघ प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको कर चुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित अनुसूची-२ अनुसारको दस्तुर तिरी नवीकरण गरी पास वुक विवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । पालिकामा इजाजत पत्र लिएका तोकिएको भन्दा ढिला गरी नवीकरण गर्ने निर्माण व्यवसायीलाई थप नवीकरण दस्तुर लिएको पाइएन ।कार्यविधि अनुसार तोकिएको अवधि भित्र नवीकरण नगरीएका निर्मण इजाजत पत्रको विवरण अद्यावधिक राखी उक्त समय पछी नविकरण गर्दा थप नवीकरण दस्तुर लिएर मात्र नविकरण गर्ने व्यवस्था गर्नु पर्दछ ।

२९ **डोजरको कार्यको प्राविधिक बिल र कार्य सम्पन्न नभएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। पालिकाको डोजर प्रयोग गरी सडक मर्मत कार्य गरेको जनाई देहाय बमोजिमको गोश्वरा भौचरवाट रु. १४,१६,०००।– पालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरेको छ ।पालिकाको डोजर प्रयोग गरी उक्त कार्य गर्दा उक्त सडक निर्माण शिर्षकमा विनियोजित बजेट बराबरको खर्च रकमलाई पालिकाले डोजरको कार्य बापतको आम्दानी भएकोले आन्तरिक राजश्व खातामा दाखिला गरेको जनाएको छ ।उक्त कार्यमा प्रयोग भएको हेभी मेशिनले निर्माण तथा मर्मत गरिएको सडकको लागत अनुमान एवं नापी किताब संलग्न राखेको देखिएन ।उक्त कार्यको लागत अनुमान र नापी किताव पेस गर्नुपर्ने रु.

| भौ.नं.रमिति | विवरण | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|
| ५१/२०८०/१२/१५ | वडा नं ५ र ६ सडक पालिकाको मेसनद्धारा मर्मत | ६९५२५० | आन्तरिक राजश्व खातामा जम्मा गरेको |
| ९२/२०८१/०२/०७ | वडा नं २ किमुटाकुरा र गिद्देघर सिलेखोला कृषि सडक मर्मत | ७२०७५० | आन्तरिक राजश्व खातामा जम्मा गरेको |
| **जम्मा** | | **१४१६०००** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,१६,००० |

३० **प्राकृतिक श्रोत विक्रि**

कर्णाली प्रदेश नदी तथा खानीजन्य स्रोत उत्खनन, सङ्कलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्ने कार्यविधि, २०७९ को बुँदा ३ बमोजिम कार्ययोजना तयार गर्नुपर्ने, बुँदा ४ बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने बुँदा ५ मा नदी तथा खानीयोग्य स्रोतको उत्खनन र सकंलन गर्दा अपनाउनु पर्ने विधि तथा बुँदा ७ मा घाटगद्दी गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यविधिको पालना गरी नदी तथा खानीजन्य स्रोत उत्खनन, सङ्कलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्नुपर्नेमा पालिकाको कार्यक्षत्र भित्र ढुंगा गिट्टी उत्खनन तथा बिक्रि वितरण गरेको तथा नदी तथा खानीजन्य सामग्री प्रयोग गरी व्यक्तिगत तथा सरकारी संरचनाहरु निर्माणभै रहेको देखिए पनि विक्रि वितरणको लागि उचित व्यवस्थापन नगरेकोले प्राकृतिक श्रोतवाट आय प्राप्त गरेको छैन । यस तर्फ पालिकाको ध्यान जानु जरुरी छ ।

३१ **बेरुजु लगत**

बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये पालिकासँग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत र म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।

३२ **भ्रमण खर्च**

कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्चबापत यस वर्ष रु. लाख हजार खर्च गरेको देखिन्छ । भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् ।

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन नखुलाएको हुँदा कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• नियमावलीको नियम २१ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसुचि-६ बमोजिम म.ले.प. फारम नम्बर ९०८ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा राखेको छैन ।जसले गर्दा पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित खर्च भुक्तानी गर्ने गरेको ।

• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोग हुने सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

३३ **म.ले.प. फारमहरूको प्रयोग**

साविकमा रहेका म.ले.प. फारमहरूको सट्टा नयाँ म.ले.प. नम्बरहरू २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरू जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख, सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, रसिद नियन्त्रण खाता, भ्रमण प्रतिवेदन आंशिक रुपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।

३४ **उपभोक्ताको काम**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ।पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको, विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको, प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

३४.१ **निर्माण कार्यको गुणस्तर** : उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति, अनुगमन समिति र कार्यालयको हो । यसका लागी स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम हुनुपर्ने, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध, गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । तर यस गाउँ पालिकाले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउने तर्फ कार्यालयको पहल हुनुपर्दछ ।

३४.२ **उपभोक्ता समितिको बिल भरपाई** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।यो वर्ष गाउँपालिकाले उपभोक्ता समितिबाट सम्पन्न भएका अधिकांश योजनामा प्राविधिक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा उपभोक्ता समितिलाई रकम भुक्तानी गरेको देखियो। उपभोक्ता समितिले प्राविधिक नापी तथा उपभोक्ताको बिल पेश गर्दा आंशिक रूपमा मात्र डोर हाजिरी तथा खर्चका बिल भरपाई संलग्न गरी पेश गर्ने गरेको देखियो।नियमावलीमा भएको व्यवस्था अनुरूप उपभोक्ता समितिले खर्चको बिल भरपाई उक्त समुहको वैठकबाट समेत अनुमोदन गर्ने गरेको देखिएन।यस सम्बन्धमा फिल्डमा गई प्राविधिकले पेश गर्ने वास्तविक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गर्ने गरेको गाउँपालिकाले जानकारी दिएतापनि योजनामा प्रयोग भएका सामग्री खरिदको समेत बिल पेश नहुँदा नापी अनुसारको वास्तविक परिमाण र लागत कै सामान प्रयोग भयो भनि आश्वस्त हुन सक्ने अवस्था रहेन । गत विगत वर्षका प्रतिवेदनहरुमा समेत यस सम्बन्धमा सुझाव दिँदै आएकोमा अवस्थामा सुधार भएको देखिएन ।

३४.३ **प्राविधिक बिल** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित अधिकांश योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । प्राविधिकले उपभोक्ता समितिको बिल बनाउँदा वास्तविक कार्यसम्पादनमा आधारित भएर बनाउनुपर्दछ।

३४.४ **आइटम वाइज योगदान** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३ क१) मा साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्ने व्यवस्था रहेकोमा पालिकामा पेश भएको कार्यसम्पन्न प्रतिवेदनमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्नेमा एकमुष्ठ कार्यसम्पन्न प्रतिवेदनमा मात्र उपभोक्ता समितिले पुर्याउनु पर्ने योगदानको अंश पुर्याएको कार्य सम्पन्न प्रतिवेदनबाट देखिन्छ।अत: नियमावलीमा भएको व्यवस्था अनुसार साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा उपभोक्ता समितिले निर्माण कार्यको प्रत्येक इकाईमा अनिवार्य योगदान हुनुपर्दछ।

३५ **मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६ (३) मा पाँच हजार माथिका पार्टपूर्जा फेर्नुपर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष सवारी साधन मर्मतमा रु.२८,०८,२२०/- खर्च गरेकोमा मर्मत कार्यको लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन । साथै फेरीएको पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन।नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको जिन्सी दाखिलासमेत नगरेकोले खर्चको वास्तविकता यकिन गर्न सकिएन।

३६ **सवारी साधन भाडा**

सार्वजनिक खर्चलाई मित्व्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड,२०७८ ले सरकारी श्रोतको मितव्ययी, प्रभावकारी उपयोग र परिचालनबारे व्यवस्था गरेको छ ।कार्यालयले पदाधिकारी तथा कर्मचारीहरुको विभिन्न समयमा विभिन्न व्यक्तिहरुसंग गाडी भाडामा लिई भ्रमणको स्पष्ट प्रयोजन र उदेश्य बेगर सवारी साधन सम्झौता समेत नगरी भर्पाईको आधारमा भुक्तानी गर्ने गरेको साथै गाडी भाडाको प्रचलित कानुनी दर नभई एकमुष्ठ भुक्तानी गर्ने परिपाटिले खर्चमा मितव्ययीता, प्रभावकारिता कायम नहुने देखिन्छ।यस्ता खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

३७ **विगत वर्षको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले आ.व. ०७९।८० मा सल्यान वितरण केन्द्र नेपाल विद्युत प्राधिकरणलाई दिएको पेश्की रु. २,००,००,०००/- आर्थिक वर्ष ०८०।८१ को अन्त्यसम्म पनि फस्यौंट नभई बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्दछ ।

३८ **पेश्की रकमको विवरण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क ५) बमोजिम निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२) बमोजिम निर्माण व्यवसायीले पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण सार्वजनिक निकायमा नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । यस पालिकाबाट भएका निर्माण सम्बन्धी खरिद सम्झौतामा सबैजसो निर्माण व्यवसायीलाई सम्झौता बमोजिम पेश्की उपलब्ध गराउने गरेकोमा निर्माण व्यवसायीहरुले नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्ने गरेको देखिएन । पेश्की रकम सम्बन्धित निर्माण कार्य वाहेक अन्य कार्यमा रकम खर्च गरी निर्माण कार्यमा ढिलाइ गर्न सक्ने भएकाले सरकारी रकमको उचित सदुपयोग भए नभएको यकिन गर्न कानूनले तोके बमोजिम नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्न लगाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

३९ **बिल भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट भुक्तानी गरिएको देहायको खर्च प्रमाणित गर्ने कागजात संलग्न राखेको देखिएन । भुक्तानी दिएको रकमको खर्च प्रमाणित गर्ने कागजात पेश हुनु पर्दछ अन्यथा उक्त रकम असुल हुनुपर्ने रु.

| गौ.नं. रमिति | खरिदको विवरण | भुक्तानीपाउनेको विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १८५/०८१/३/२४ | सम्बरसिवल पम्प | राना सप्लायर्स | २००००० | मोटरजडान, वडाको सिफारिश र प्राविधिक मूल्याङ्कन नभएको |
| **जम्मा** | | | **२०००००** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

४० **परामर्श तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना/डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको २ वटा डिपिआर रु. २२ लाख २२ हजारको खरिद सम्झौता गरी परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र.सं. | कार्य विवरण | परामर्शदाता | खर्च रकम |
|---|---|---|---|
| १ | सातामूल धार्मिक क्षेत्र रुम्टिलेक पर्यटकिय क्षेत्र र दुर्गा कालिका प्रर्यटकिय क्षेत्रको डिपिआर | वेभलाईन ईन्जिनियरिङ्ग सोलुसन प्रा.ली. | १७२५००० |
| २ | कालापात्ला लिफ्ट खानेपानी योजनाको डिपिआर | बुढा इन्जिनियरिङ सर्भिसेस एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा.ली. | ४९६६३५ |
| **जम्मा** | | | **२२२१६३५** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यस्ता प्रतिवेदनहरु कार्यालयको अभिलेखको रुपमा लेखांकन समेत हुनुपर्दछ ।

४१ **होडिङ बोर्डको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ।पालिकाले कृषि हाट बजार निर्माण टहरा सिमलकुना उपभोक्ता समितिलाई होडिङ बोर्ड निर्माण कार्यको रु.५०००/- समेत प्राविधिक नापी किताबमा समावेश गरी भौचर नं ११-२०८०।०७।०२ बाट रु. २,३८,१४५/- भुक्तानी गरेको छ।पालिकाले पेश गरेको श्रेष्तामा होर्डिङ बोर्ड निर्माण बापतको विल तथा खर्च पुष्टि हुने फोटो समेत समावेश छैन।खर्च पुष्टी नभएको उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,००० |

४२ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी निर्माण कार्यको बिओक्यूमा प्रोभिजन सम वापत राखेको रकम भुक्तानी गर्दा वास्तविक कार्य सम्पादनका आधारमा भुक्तानी गर्नु पर्दछ। ठेक्का नं. ३/२०८०/८१ तुसारे मिलनबजार खानेपानी आयोजनाको प्रथम रनिङ्ग बिल रु. २२,७८,४७४/- भुक्तानी गर्दा बिमा वापत रु. ४७,२६४/- प्रोभिजनल सम वापत भुक्तानी गरेकोमा निर्माण व्यवसायी जि एस एण्ड डि कन्स्ट्रक्सन एण्ड सप्लायर्सले बिमा प्रिमियम वापत रु. २९,२४४/- मात्र भुक्तानी गरेको बिल पेश गरेको छ । प्रोभिजनल सम वापत भुक्तानी गरेको बिमाको बिल रु. १८,०२०/- को घटी रहेकोमा बिल भन्दा बढी भुक्तानी गरेको उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,०२० |

४३ **डोजरको कार्यको नापी किताव**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ।पालिकाले देहाय बमोजिमको गोश्वरा भौचरवाट सडक निर्माणमा प्रयोग हुने हेभी मेशिनको इन्धन शीर्षकबाट इन्धन खरिद गरी रु. २,९६,३२०।- खर्च गरेको छ । खरिद गरिएको उक्त इन्धन पालिकाले सार्वजनिक सडक मर्मत सम्भार कार्यमा खर्च गरेको जनाएको छ । खरिद गरिएको इन्धन प्रयोग भएको हेभी मेशिनले निर्माण तथा मर्मत गरिएको सडकको नापी किताब संलग्न राखेको देखिएन । इन्धन खपतवाट कार्य भएको कामको मुल्याङकन तथा नापी किताव राखेको नदेखिएकोले खर्च पुष्टी नभएको हुँदा इन्धन खपतको आधारमा डोजरले गरेको कार्यको नापी किताव पेश गर्नुपर्ने रु.

| भौ.नं.रमिति | आपुर्तिकर्ता | विवरण | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|
| ९/२०८०/६/२१ | हाम्रोपहुँच बहुउद्धेश्यीय सहकारी | डिजेल खरिद | २९६३२० | वडा नं ५को सडक मर्मत |
| जम्मा | | | २९६३२० | |

| प्रमाण पेश नगरेको | २,९६,३२० |
|---|---|

४४ **कोटशनबाट कार्यको नापी नभएको**

सार्वजनिक खरिद नियमानवली, २०६४ को नियम ८५ को ४ बमोजिम एक लाख रुपैयाँभन्दा बढि रुकमको सोझै खरिद कार्य गर्दा मौजुदा सूचिमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने उल्लेख छ। पालिकाले वडा नं ४ को सडक मर्मत कार्यको लागि सोझै खरिद मार्फत् पि.एल.निर्माण सेवा (भ्याट नं ३०५४७५५६५ ) लाई भौचर नं १७-२०८०।०८।१५ (पूँजिगत) बाट रु. २,५०,०००।– र भौचर नं २-२०८०।०८।१५ (मर्मत सम्भार कोष) बाट रु.२,७०,५०६।– गरी रु. ५,२०,५०६।– भुक्तानी गरेको छ। उक्त कार्यमा मौजुदा सुचीमा रहेका तीन वटा निर्माण व्यवसायीको दरभाउपत्र समेत लेखापरीक्षणको क्रममा पेस भएन।उक्त सडक मर्मत कार्यको नापी किताब समेत पेस नभएकोले उक्त खरिद कार्यको मौजुदा सुचीमा रहेका तीन वटा निर्माण व्यवसायीको दरभाउपत्र एवं प्राविधिक नापी किताब पेस गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५,२०,५०६ |
|---|---|

४५ **१५ शैया अस्पताल भवन निर्माण (ठेक्का नं. १२/०७७/७८)**

३६ महिनामा निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी पिएस/रोयल जे.भी.सँग मिति २०७८/३/२४ मा मू.अ.कर बाहेक रु. १०,५४,०७,५६३/- को खरिद सम्झौता भएकोमा कार्यपालिकाको निर्णयबाट एक वर्ष अर्थात २०८२ असार मसान्त सम्म म्याद थप गरेको छ । हालसम्म पाँचौँ रनिङ्ग बिल भुक्तानी हुँदा रु. १,०५,४०,७५६/- मूल्य समायोजन समेत रु. ८,५५,२०,३२५/- (७१.१३%) भुक्तानी भएको छ । उक्त निर्माण कार्य सम्बन्धी श्रेस्ता परीक्षणबाट देखिएका व्यहोरा देहाय अनुसार छन् :

४५.१ **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। यस निर्माण कार्यको हालसम्म (पाँचौ रनिङ्ग बिल) मू.अ.कर समेत रु. ९,६९,९६,४८८/- को प्राविधिक बिल पेश भएकोमा पालिकाबाट रु. ९,७०,७७५,०१७/- भुक्तानी भएको छ । नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादन भन्दा रु. ७८,५२८/- बढी भुक्तानी भएको देखिन्छ । वास्तविक कार्य सम्पादन भन्दा बढी भुक्तानी भएको उक्त रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ७८,५२८ |
|---|---|

४५.२ **बिमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पीएको मितिदेखी हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा जुनसुकै कारणबाट हुने हानीनोक्सानी व्यहोर्ने गरी निर्माण कार्यमा संलग्न हुने जनशक्ति, मेसिन र सम्पूर्ण निर्माण कार्यको विमा गराउनु पर्ने व्यवस्था छ । त्यसैगरी यस खरिद सम्झौताको

जिसिसि १९.१ मा निर्माण व्यवसायीले निर्माण कार्यमा संलग्न हुने जनशक्ति, मेसिन र सम्पूर्ण निर्माण कार्यको सम्बन्धित सार्वजनिक निकाय र निर्माण व्यवसायीको संयुक्त नाममा निर्माण कार्य शुरु भए देखी उक्त निर्माण कार्यको त्रुटी सच्चाउने अवधिसम्म म्याद भएको बिमा गराउनु पर्ने प्रावधान राखिएको छ । २०८२ असार मसान्तसम्म खरिद सम्झौताको म्याद गरेको उक्त निर्माण कार्यका निर्माण व्यवसायीले २०८१ मंशिर ३० सम्म मान्य अवधि भएको बिमा पोलिसी पेश गरेको देखिन्छ । खरिद नियमावली र खरिद सम्झौतामा भएको व्यवस्था बमोजिम निर्माण व्यवसायीले २०८३ असार मसान्तसम्म मान्य अवधि भएको बिमा गराउनु पर्दछ ।

४५.३ **कन्टिन्जेन्सी खर्चः** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची-१ मा व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ । यसरी व्यवस्था गरिएको कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले तयार गरेको सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम व्यवस्थित गर्ने निर्देशिका, २०७४ को २(च) अनुसार वर्क चार्ज स्टाफ खर्च भन्नाले सम्बन्धित निर्माण कार्यको सुपरभिजन र प्रत्यक्षरुपमा सम्बन्धित कर्मचारी खर्च हो भने र दफा २ (छ) अनुसार सानातिना अन्य खर्च भन्नाले सम्बन्धित निर्माण कार्यसँग सम्बन्धित अन्य खर्चलाई जनाउँछ । यस पालिकाले यो वर्ष १५ शैया अस्पताल भवन निर्माण कार्य वापतको रु. १७,७८,४१०/- कन्टिन्जेन्सी खर्च गरेकोमा सम्बन्धित निर्माण कार्यसँग कुनै सम्बन्ध नभएका देहायका कार्यमा रु. ६,७६,४५०/- खर्च गरेको देखिन्छ । सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम व्यवस्थित गर्ने निर्देशिका, २०७४ बिपरित खर्च गरिएको कन्टिन्जेन्सी रकम नियमसम्मत नदेखिएको रु.

| **क्र.सं.** | **खर्च विवरण** | **खर्च रकम रु.** |
|---|---|---|
| १ | खरिद इकाईको बैठक भत्ता | ४१६५०० |
| २ | पशुशाखाकाप्राविधिकको बैठक भत्ता | ५१८०० |
| ३ | पशुशाखाकाप्राविधिकको फिल्ड भत्ता | ५३१५० |
| ४ | पालिकाहरुकोविषयगत समितिको बैठक भत्ता | १५५००० |
| **जम्मा** | | **६७६४५०** |

| | |
|---|---|
| अनियमित भएको | ६,७६,४५० |

४६ **हेभिमेशिनको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| **भौ.नं. र मिति** | **योजनाको नाम/उपभोक्ता समितिको नाम** | **निर्माणव्यवसायी** | **निर्माणव्यसायीको बिल** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| ३२/२०८०/११/०८ | जिवन ज्योति माध्यमिक विद्यालय फिल्ड निर्माण | थ्रि.जी. कन्स्ट्रक्सन प्रा.लि. | ३३२०२२ | ५७६००० |
| ५५/२०८०/१२/२२ | कालिका मा.वि. फिल्ड निर्माण कार्य | एन् एस.बिल्डर एण्ड सप्लायर्स | २५८२०४ | ३८४००० |
| ६३/२०८१/०१/१० | कालापत्ला भिधिखोला र साम्लम्टे जुगेपानी सडक | स्वप्निल कन्स्ट्रक्सन | ९८८९६१ | ९६०००० |

४७ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ।पालिकाले लेक सल्लाम पहिरो नियन्त्रण कार्यको लागि उपभोक्ता समितिको नापी किताबको सि.नं. १ मा ८८ घनमिटर कार्यमा मानिसबाट काम गराएको प्रति घनमिटर रु.५१५।- को दर प्रयोग गरी उपभोक्ता समितिको विल बमोजिमको भौचर नं ५६-२०८०।१२।२५ बाट रु.४,५१,०००।– भुक्तानी दिएको छ।उक्त निर्माण कार्यमा डोजर प्रयोग गरी कार्य गराएको देखिन्छ।उक्त कार्यमा डोजरबाट भएको ८८ घनमिटर कार्यको नापीमा डोजरको दर प्रतिघनमिटर रु.१६७।८० प्रयोग गर्नुपर्नेमा सो नगरी मानिसबाट कार्य गराउँदाको दर प्रयोग गरेकोले प्रति घनमिटर रु.३४७।२० को दरले रु.३०,५५४।– बढि भुक्तानी भएको देखिन्छ।उक्त बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,५५४ |

४८ **जिन्सी दाखिला नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष निम्नानुसार खरिद गरेका मेसिन नथा सामानहरु पालिकाको जिन्सी खातामा दाखिला गरेको देखिएन । उक्त मेसिनहररु कार्यालयको जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| भौ.नं. रमिति | कार्यक्रमको नाम | विवरण | आपूर्तिकर्ता | खर्च रकम |
|---|---|---|---|---|
| २४।०८०।०९।२७ | ANC PNC सेवा सुधार तथा उपकरण खरिद | Air Conditioning Machine खरिद | आर बी स्टोर | ७५००० |
| २७।०८०।१०।१७ | ANC PNC सेवा सुधार तथा उपकरण खरिद | Air Conditioning Machine खरिद | आर बी स्टोर | ७५००० |
| **जम्मा** | | | | **१५००००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,००० |

४९ **पूँजिगत शिर्षकमा चालु प्रकृतिको कार्य**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद-८ को २८ बमोजिम अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । चालु प्रकृतिको कार्यको लागि पालिकाको आन्तरिक श्रोत तथा राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम प्रयोग गर्नुपर्नेमा पालिकाले पूँजिगत कार्यक्रमबाट विनियोजित वित्तीय समानिकरणको निम्न बमोजिमको रकम उपयोग गरेको कानुनी प्रावधान विपरित रहेकोले अनियमित रु.

| क्र.सं. | भौचरनं./मिति | कार्यक्रमकोनाम | खर्च हुनुपर्ने शिर्षक | रकम |
|---|---|---|---|---|
| १ | ४५-०८०।१२।०५ | लघु उद्यम तालिम कार्यक्रम (२२५२२) | पूँजिगत परामर्श खर्च (३११३५) | ४०१४८८ |
| २ | ८४-०८१।०२।०१ | बाख्रापालनतालिम (३११७२) | तालिम खर्च (२२५२२) | १०३१५५ |
| ३ | १३२-०८१।०३।१६ | लघु उद्यम तालिम कार्यक्रम (२२५२२) | पूँजिगत परामर्श खर्च (३११३५) | १४४७५२ |
| ४ | ११५-०८१।०३।०४ | पशु सेवा खोप कार्यक्रम (३११३१) | तालिम खर्च (२२५२२) | २००००० |
| ५ | १३२-०८१।०३।१६ | लघु उद्यम तालिम कार्यक्रम (२२५२२) | पूँजिगत परामर्श खर्च (३११३५) | १४४७५२ |
| | जम्मा | | | ९९४१४७ |

| | |
|---|---|
| अनियमित भएको | ९,९४,१४७ |

५० **खरिद सम्झौता नगरी कार्य गराएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ बमोजिम सार्वजनिक निकायले फुटकर खरिद बाहेक अन्य खरिद गर्दा खरिद सम्झौता गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहायको खरिद गर्दा खरिद सम्झौता गरेको देखिएन । नियमानुसार खरिद सम्झौता नगरी कार्य गराई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| भौ.नं. रमिति | कामको विवरण | आपूर्तिकर्ता | खर्च रकम |
|---|---|---|---|
| १०५/२०८१/०२/३० गा.पा पुँजीगत | अफिस टेबल १, स्टिल दराज १ लगायत खरिद | पब्लिक होम डेकोर एण्ड सप्लायर्स | १४५०२५ |
| १२९/२०८१/०३/१३ गा.पा पुँजीगत | स्टिल दराज, र्‍याक खरिद | रिजाल हार्डवेयर सेन्टर | २३०५२ |
| १२९/२०८१/०३/१३ गा.पा पुँजीगत | स्टिल दराज, र्‍याक खरिद | कालिका फर्निसिङ सप्लायर्स | ४४६३४ |
| १४५/२०८१/०३/१९ गा.पा. पुँजीगत | भेटनरी ल्याव व्यवस्थापनको लागि माइक्रोस्कोप-१,अटो क्लाम लगायत | टोटल टेक्नोलोजिज प्रा.लि. | १९०००० |
| **जम्मा** | | | **४०२७११** |

| | |
|---|---|
| अनियमित भएको | ४,०२,७११ |

५१ **प्राविधिक नापी नभएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ।पालिकाले यस वर्ष वडा नं २ र ३ सडक स्तोरन्नतिको लागि भुक्तानी भएको देहायानुसार रकमको लागत अनुमान, नापी किताव, कार्यसम्पन्न प्रतिवेदन पेश भएको छैन । उक्त निर्माण कार्यमा भएको खर्चको पुष्टि हुने लागत अनुमान, नापी किताब एवं कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| भौ.नं.रमिति | निर्माण व्यवसायीको नाम | भ्याट नं. | भुक्तानी रकम रु. |
|---|---|---|---|
| ५९/२०८१/०१/०२ | एन.एस.विल्डरइन्जिनियर्स | ३०४९३५६५५ | ३०६९९१ |
| ५९/२०८१/०१/०२ | पि.एल.निर्माण सेवा | ३०५४७५५६५ | ५३३८३४ |
| ९४/२०८१/०२/०९ | न्यू बुढाथोकी निर्माणसेवा एण्ड सप्लायर्स | ६०४३३००२४ | ५१९२६८ |
| जम्मा | | | १३६००९३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,६०,०९३ |

५२ **लेखा श्रेष्ता**

आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७(१) मा ऐनको दफा २६ बमोजिम कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्नेछ तथा उपनियम २ बमोजिम भुक्तानी वा पेश्की फर्स्यौटको लागि पेश हुने प्रत्येक बिल, भरपाई र सोसाथ संलग्न अन्य कागजात खर्च गर्ने व्यक्तिले तयार गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा पेश गर्नु पर्नेछ। त्यसरी पेश हुन आएको बिल, भरपाई तथा अन्य कागजातलाई खर्च स्वीकृत गर्ने अधिकारीले रकम भुक्तानी दिनु वा फर्स्यौट गर्नु अघि प्रमाणित गर्नु पर्ने व्यवस्था छ । पेश्की दिदाँ तथा फर्स्यौट गर्दा आवश्यक कागजात संलग्न नगरी भुक्तानी तथा पेश्की दिएको छ। गोश्वरा भौचर तयार गर्दा सम्बन्धि कागजात गोश्वरा भौचरसंग सिलसिलेबार रुपमा राखेको देखिदैन जुन लेखाको सिद्धान्त प्रतिकुल देखिन्छ। खर्चको तेरिज नबनाई अव्यवस्थित रुपमा कागजात राखेको हुँदा त्यसमा लाग्ने कर

लगाएतका जोडजम्मा एकिन गर्न कठिनाई उत्पन्न हुने गरी अभिलेख राखेको छ। तोकिएको ढाचाँमा अभिलेख नराख्ने कर्मचारीलाई जिम्मेवार बनाई अभिलेख प्रणालीलाई व्यवस्थित बनाउनुपर्दछ।

५३ **वैठक भत्ता**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारीको सेवा सुविधा सम्बन्धि ऐन, २०७७ को दफा ११(१) बमोजिम पदाधिकारी तथा सदस्यले सभा वा कार्यापालिका वा वडा समिति वा न्यायिक समितिलगायत स्थानीय तहको अन्य कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि अनुसुचि-२ बमोजिमको रकम भुक्तानी गर्ने व्यवस्था उल्लेख छ । गाउँपालिकाको वडा नं.२ मा मिति २०८० कार्तिक ०५ गते महाअष्टमिमा वडा समितिको वैठक सञ्चालन गरी भौचर नं २२३-०८०/११/१० बाट रु.६,३७५/- भत्ता भुक्तानी गरेको छ । फुलपाति देखि दशैँको विदा रहेको अवस्थामा सामान्य प्रकृतिको विषयको लागि वैठक सञ्चालन गरेको भन्ने विश्वासनिय आधार देखिदैन । विश्वसनिय हुने आधार नदेखिएकोले निम्न पदाधिकारीबाट असुल गर्नुपर्ने रु.

| **पद** | **नाम थर** | **भुक्तानी रकम** |
|---|---|---|
| अध्यक्ष | ईश्वर बुढा | १२७५ |
| सदस्य | चन्द्रलाल वली | १२७५ |
| सदस्य | झक्कु प्रसाद सिरीस | १२७५ |
| सदस्य | दिलसरी पुन | १२७५ |
| सदस्य | हरीकला सुनार | १२७५ |
| | **जम्मा** | **६३७५** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ६,३७५ |
|---|---|

५४ **वडा तथा शाखागत खर्च**

पालिकाका हरेक आर्थिक कारोबार एकद्धार प्रणालीमार्फत क्रियाकलापमा आधारित रहि खर्च गर्नुपर्दछ । पालिकाले वडा तथा विभिन्न शाखामा शाखागत बजेट व्यवस्था गरी बजेट खर्च गरेको देखिन्छ । औचित्य पुष्टि हुन नसक्ने कार्यमा समेत बजेट खर्च भएको छ । विभिन्न वडा तथा शाखामा रहेका कर्मचारी तथा पदाधिकारीले व्यक्तिगत प्रयोजनाको लागि खर्च गरेको रिचार्ज जस्ता सञ्चार खर्चको बिलसमेत पेश गरी भुक्तानी लिएको देखिन्छ। शाखालाई आवश्यक पर्ने जिन्सी मालसामानहरु शाखावाइज खरिद गरी शाखामा दाखिला गरेको छ । यसरी शाखागत बजेट खर्च गर्दा खर्चमा पारदर्शिता, मितव्यायिता तथा नियन्त्रण कायम गर्न कठिन देखिन्छ । तसर्थ बजेटलाई विभिन्न शाखामा टुक्रा पारी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५५ **बढी पारिश्रमिक भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५६ **बिजक भन्दा बढी भुक्तानी**

४७-०८०/०७/०२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले गाउँबेशी सूचना केन्द्र सल्यायनलाई

अघिल्लो वर्षको भुक्तानी दिन बाँकी जनाई रु.१,५०,०००/- भुक्तानी गरेको छ । गो.भौ.नं. ४५९ मिति २०८० आषाढ २३ मा रु.२,२५,०००/- भुक्तानी भएकोमा रु.३,२०,०००/- को बिजक संलग्न गरेको देखिन्छ । अघिल्लो आर्थिक वर्षको भुक्तानी तथा बिजक संलग्न अनुसार यो वर्ष रु.९५,०००/- भुक्तानी गर्नुपर्नेमा रु.१,५०,०००/- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.५५,०००/- सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५५,००० |

५७ **यातायात खर्च**

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **३७,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५८ **वितरणमुखी कार्य**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोजिम वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालिन पुँजी निर्माण हुने र स्रोत साधनको परिचालन गर्दा महत्तम प्रभाव हुने तरिकाले दिर्घकालिन योजना बनाएर खर्च गर्नुपर्दछ ।पालिकाले देहायका विभिन्न कार्यक्रम अन्तर्गत विभिन्न मालसामान वितरण गरेको छ । दीर्घकालीन प्रभाव नपार्ने कार्यक्रमहरु सञ्चालन गर्दा पालिकाको आर्थिक समुन्नतका साथै रोजगारी, उत्पादन तथा आन्तनिर्भरतामा प्रतिकूल असर पर्ने देखिएकोले वितरणमुखी कार्य नियन्त्रण हुनुपर्दछ ।

| **गो.भौ.नं./मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| ०६-०८०/०६/१८ | तिज विषेश कार्यक्रम वडा नं. १, ४ र ५ | ११८५०० |
| ३६-०८०/०७/०१ | ज्याकेट वितरण वडा नं. १ र ३ | १०९९४० |
| ७०-८०/०७/२३ | राष्ट्रिय संगीतकर्मी संघ | ११९०० |
| ९४-०८०/०८/१८ | तिज विशेष कार्यक्रम वडा न. २ | ५०००० |
| ९७-०८०/०८/२१ | छायनाथ मेला वडा न. १ | २०००० |
| १०२-०८०/०८/२१ | वडा नं. २ को न्यानो कपडा वितरण | २००००० |
| १०४-०८०/०९/१७ | बलाङ्केट वितरण | ३५०००० |
| १२४-०८०/०९/१७ | सास्कृतिक कार्यक्रम | १६०००० |
| १९६-०८०/१०/२६ | वडा नं. १ झोला, ड्रेस कापी, डटपेन वितरण | ५०००० |
| ५८९-०८१/०२/२१ | अण्डा, सावुन तथा नुन वितरण | १२४००० |
| १२४-०८०/०९/१७ | कपुरकोट कला साहित्य संरक्षण समिति | १६०००० |

५९ **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। कार्यालयले देकायका सामाग्रीहरु खरिद गरे वापत रु. ३,१४,३११/- भुक्तानी गरेकोमा तोकीएको ढाचाँमा जिन्सी अभिलेख राखेको देखिएन । खरिद गरिएका सामग्रीहरु जिन्सी खातामा अभिलेख राखेको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं./मिति | विवरण | कार्यालय/विद्यालयको नाम | संख्या | रकम |
|---|---|---|---|---|
| ४९९-०८१/०३/०९ | घुम्ने कुर्सी | कपुरकोट गाउँपालिका | ७ | १८२०० |
| ३७५-०८१/०१/२८ | अफिस टेवल | श्री प्राथिमक बिद्यालय किउरेनी | १ | ४५००० |
| | रिभल्भिङ्ग कुर्सी | | २ | २१००० |
| | प्रिस्टिज कार्पेट | | ३६ब.मि. | ७४१६ |
| | यासुडो ८ इन्च साउण्ड सिस्टम | | १ | ७३९५ |
| ४२७-०८१/०२/१३ | बेन्च | श्री गायत्री आधारभुत विद्यालय कपुरकोट ४ | १० | २०००० |
| | डेस्क | | १० | ३०००० |
| | राउण्ड टेबल | | १ | ८०००० |
| | लो टेबल | | १० | १९९५० |
| | लो टेबल | | १० | १९९५० |
| | अफिस दराज | | १ | ९५०० |
| | रोष्टम | | १ | ७५०० |
| | प्रिस्टिज कार्पेट | | १७ मिटर | ८५०० |
| | बुक कर्नर | | २ | १९९०० |
| | **जम्मा** | | | **३१४३११** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,१४,३११ |

६० **वैठक भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **३०,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **३०,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२५,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,०४०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **३०,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **३,०६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **३,०६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **३,०६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **३०,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६१ **कारोबारको लेखा**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १ बमोजिम गाउँपालिका तथा नगरपालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण तोकिए बमोजिम हुने तथा दफा २ मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । जसको लागि एकिकृत आर्थिक संकेत तथा वर्गिकरण कार्यविधि, २०७४ लागु भएको छ । पालिकाले सो कार्यविधि आंशिक रुपमा पालना गरेको देखिन्छ । पालिकाले अधिकांश खर्च शिर्षकहरु तोडमोड् गरी बजेट निर्माण गर्नुको साथै कार्यविधि बमोजिम निर्माण भएको शिर्षकबाट सोको व्याख्यामा नपरेको शिर्षकमा खर्च गरेको देखिन्छ । कानून विपरित एक शिर्षकबाट अन्य कार्यमा खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु.

| **गो.भौ.नं./मिति** | **विवरण** | **खर्च भएको शिर्षक** | **खर्च हुनुपर्ने शिर्षक** | **रकम** |
|---|---|---|---|---|
| ५४८-०८१/०३/१६ | तलब भुक्तानी | पदाधिकारी अन्य सुविधा (२११४२) | पारिश्रमिक (२११११) | ४२००० |
| ११७-८१/०३/०५ | कम्प्युटर र प्रिन्टर खरिद | फर्निचर तथा फिक्चर्स (३११२३) | मेशिनरी औजार (३११२२) | १४०८०० |
| १६४-०८१/०३/२२ | इन्धन खरिद | सडक निर्माण (३११५१) | इन्धन (२२२१२) | ६८९००० |
| ५९३-२०८०/०६/२६ | विविध भुक्तानी | विमा तथा नविकरण खर्च(२२२१४) | विविध खर्च (२२७११) | १३१९९ |
| ३५-०८०/०७/०१ | वालविवाह न्युनिकरण, लागुपदार्थ दुर्व्यसनी र विपद व्यवस्थापन कार्यक्रम | पारिश्रमिक (२११११) | कार्यक्रम (२२५२२) | ६०००० |
| **जम्मा** | | | | **९४४९९९** |

| | |
|---|---|
| अनियमित भएको | ९,४४,९९९ |

## ६२ लेखा समिति

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **५,१००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## ६३ नन् फाइलर

मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८ (१) मा करदाताले प्रत्येक महिनाको विवरण सो महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नुपर्ने र भुक्तानी दिनेले समेत भुक्तानीको विवरण सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यबस्था छ। मूल्य अभिबृद्धि करसमेत निम्नअनुसार भुक्तानी लिएका निर्माण ब्यवसायीहरुले बुझाउनु पर्ने कर नबुझाई नन् फाइलर देखाएकाले मूल्य अभिबृद्धि कर रु.१७,२५१/- समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं./मिति | आपुर्तिकर्ता | बिल नं./मिति | बिल रकम | मुल्य अभिवृद्धि रकम | नन् फाइलर मिति |
|---|---|---|---|---|---|
| २३१-८०/११/१६ | गाउँवेशी सूचना केन्द्र(३०३७१७३५७) | ५२-०८०/११/०९ | १४९९५१ | १७२५१ | २०८० आषाढ देखि |

| प्रमाण पेश नगरेको | १७,२५१ |
|---|---|

## ६४ पारिश्रमिक कर

आयकर ऐन, २०५८ को दफा ८७(१) बमोजिम प्रत्येक वासिन्दा रोजगारदाताले रोजगारीबाट प्राप्त गरेको आय गणना गर्दा अनुसूची-१ बमोजिमको दरले हुने पारिश्रमिक कर कट्टी गर्नुपर्ने व्यव्था छ । निम्न कर्मचारीलाई पारिश्रमिक भुक्तानी गर्दा तोकिएबमोजिम कर कट्टी गरेको नदेखिएकोले रु.१३,१७७/-असुल गर्नुपर्ने रु.

| नाम थर | वार्षिकआम्दानी | वार्षिककट्टि | करयोग्यआय | कर रकम |
|---|---|---|---|---|
| मोहनखड्का | ९१०७४५ | १४८९८० | १३१७६५ | १३१७७ |

| असुल गर्नुपर्ने | १३,१७७ |
|---|---|

## ६५ विज्ञापन

विज्ञापन (नियमन गर्ने) नियमावली,२०७७ को नियम ११(क) (२) मा विज्ञापन एजेन्सी मार्फत मार्फत कारोबार गराउँदा बोर्डमा सूचीकृत विज्ञापन एजेन्सी मध्येबाट खुला र पारदर्शी प्रक्रियाको आधारमा विज्ञापन एजेन्सीको छनौट गरी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो व्यवस्थामा उल्लेख भएबमोजिम प्रतिशपर्धाको माध्यमबाट सूचना प्रकाशन नगरी रु.११,३६,८३६/- खर्च गरेको छ । पालिकाले सूचना तथा विज्ञापनमा करिब १५ प्रतिशत छुट लिई भुक्तानी गरेको देखिन्छ । विज्ञापनका लागी सूचना आव्हान गर्दा प्रतिस्पर्धी मुल्यमा विज्ञापन प्रकाशन गर्न सक्ने अवस्था रहेको छ । तसर्थ पालिकाले प्रतिस्पर्धाको माध्यमबाट सुचना प्रकाशन तथा प्रसारण गर्नुपर्दछ ।

## ६६ तालिम

६६.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६६.२ **तालिम भत्ता**: कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ को परिच्छेद -२ अनुसार दैनिक ४ शेसन सञ्चालन गर्न सकिने व्यवस्था रहेको छ । त्यस्तै कपुरकोट गाउँपालिका कार्य सञ्चालन निर्देशिका, २०७९ को दफा १५(२) (क) बमोजिम कक्षा अवधि कम्तिमा डेढ घण्टाको हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले टोल विकास समिति तथा उपभोक्ता समितिका पदाधिकारीहरुको अभिमुखिकरण तालिम सञ्चालन गर्दा ६ दिनको १३ जना प्रशिक्षकलाई ३८ शेसनको भत्ता भुक्तानी गरेको छ । ६ दिनको डेढ घण्टाको दरले २४ वटा सेसन सञ्चालन गरी भुक्तानी गर्नुपर्नेमा ३८ वटा सेसनको रु.४३,०१०/- भुक्तानी गरेकोले बढी भुक्तानी भएको १४ वटा सेसनको रु.१७,६४०/- कार्यक्रम सञ्चालक खगेन्द्र बहादुर शाहीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,६४० |

६७ **लोकसेवा कक्षा**

पालिकाले आर्थिक वर्ष २०८०/०८१ मा ७० जना विद्यार्थीलाई लोक सेवा आयोग कक्षा सञ्चालनको लागि ब्राइट रुट एकेडेमि प्रा.ली.सँग सम्झौता गरी भौचर ४५५-०८१/०२/२२ बाट रु.४ लाख ९५ हजार खर्च लेखेको छ । लोकसेवा कक्षा सञ्चालनको लागि पालिकाले कार्यविधि निर्माण गरेको छैन । लक्षित तथा विपन्न वर्ग लोकसेवा कक्षा भनेतापनि सोको परिभाषा स्पष्ट हुन सकेको छैन । अनलाइन कक्षा सञ्चालनको लागि पालिकाले सूचना प्रकाशन, रिसर्च सेन्टरसँग संझौता नगर्नुको साथै छनोटको आधार पारदर्शी देखिदैन । तसर्थ स्रोत साधनको उच्चतम प्रतिफल प्राप्त हुने गरी वञ्चितिकरणमा रहेका जनशक्तिलाई छनौटको सूचक र आधार तय गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

६८ **तालिम कार्यक्रम सञ्चालन**

तालिम, गोष्ठी, सेमिनार लागायत कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्म्सका आधारमा सञ्चालन गर्नुपर्दछ ।पालिकाले उक्त कार्यक्रमहरु सञ्चालन गर्दा अर्थमन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रदेश मन्त्रालय तथा पालिकाले जारी गरेको नर्म्स पालना गरेको छैन । कार्यक्रम संचालन गर्दा नर्म्स अनुसार नभई बजेट अनुसार यातायात भत्ता खर्च, खाना, खाजा, स्टेशनरी, कार्यपत्र प्रस्तुति, संयोजक भत्ता लगायत खर्च निर्धारण गरी कार्यक्रम स्वीकृत गर्ने र सोही अनुसार कार्यक्रम खर्च भएको जनाई बिल भरपाई संलग्न गरी पेश्की फछ्र्यौट गर्ने गरेको छ ।कार्यक्रम सञ्चालन पश्चात पेश गरेको बिल भरपाईमा कार्यक्रमको लागत अनुमान तयार गर्ने, तालिम कार्य तालिका संलग्न गर्ने, तालिमको विषयवस्तु सम्वन्धमा तयार गरेको कार्यपत्र, कार्यक्रमको प्रतिवेदन, खर्चको तेरिज लगायत कार्य पुष्टी हुने प्रमाण संलग्न गर्ने गरेको छैन । कुनै पनि कार्यक्रममा स्वीकृत बजेट फ्रिज नहुने गरी खर्च गर्दा खर्च वास्तविक मान्ने अवस्था छैन् । यातायात, दैनिक भ्रमण भत्ता खर्च भ्रमण नियमावली अनुसार नभई बजेटको आधारमा भुक्तानी दिने गरेको छ ।पालिकाबाट संचालित एक अर्को तालिम कार्यक्रममा समेत खर्च मापदण्ड मिलान नहुने अवस्था देखिंदा कार्यक्रम खर्च मितव्ययी, नियमितता र औचित्यपूर्ण मान्न सक्ने अवस्था नदेखिएकोले कार्यक्रम खर्चमा भएको वास्तविकता समेत कार्यालयबाटै पुष्टि हुने गरी खर्चको प्रभावकारीता र यथार्थता यकिन गर्नुपर्ने देखिन्छ ।

६९ **प्रमाण पेस नभएको**

आर्थिक कार्यविधि तथा उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाइ कागजात हुनु पर्ने व्यवस्था छ।पालिकाले कार्यालय सामाग्री खरिद कार्यको लागि ३ नं वडा सचिव श्री हिरामणी घर्तीलाई भौचर नं. २९१ ।२०८०।१२।२० बाट रु.७०,०००।– भुक्तानी दिएको छ। उक्त खर्चको पुष्टी हुने कागजात संलग्न नगरी भुक्तानी दिएकोले खर्चको पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७०,००० |

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७१ **श्रेष्ता पेस नभएको**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१४२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७२ **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष निम्नानुसार खरिद गरेका सामानहरु पालिकाको जिन्सी खातामा दाखिला गरेको देखिएन । उक्त सामानहरु पालिकाको जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| भौचर। मिती | विवरण | संख्या | रकम |
|---|---|---|---|
| २५९।२०८०।१२।०८ | इलक्ट्रीकल सामग्री | विभिन्न | ९०७५७ |
| २५९।२०८०।१२।०८ | इलक्ट्रीकल सामग्री | विभिन्न | १३८६८ |
| २९५।२०८०।१२।२० | पानस लगायतका भाडा सामग्री | विभिन्न | ८३५० |
| २९५।२०८०।१२।२१ | स्टेशनरी सामग्री | विभिन्न | ७१५० |
| ३१३।२०८१।०१।०३ | भाडा सामग्री | विभिन्न | २३२५० |
| ३२६।२०८१।०१।१३ | स्टेशनरी सामग्री | विभिन्न | ३४४२० |
| जम्मा | | | २०१०४५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०१,०४५ |

७३ **कानुनको पालना नभएको**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारीको सेवा सुविधा सम्बन्धि ऐन, २०७७ को दफा ११(२) बमोजिम उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि एक महिनामा तीनवटा भन्दा बढी बैठकको भत्ता लिन नपाउने व्यवस्था उल्लेख छ । त्यस्तै कपुरकोट गाउँपालिका कार्य सञ्चालन निर्देशिका, २०७९ को दफा ४(ङ) बमोजिम यस नियममा जुनसुकै कुरा लेखिएको भएतापनि एक व्यक्तिलाई एक दिनमा दुई वटा बैठकको भत्ता मात्र उपलब्ध गराउने व्यवस्था रहेको छ । सोही निर्देशिकाको दफा ३(२) बमोजिम कार्यालय समयमा बसेको बैठकको भत्ता दिने व्यवस्था छैन । पालिकाले माथि उल्लेखित व्यवस्थाको विपरित पदाधिकारीलाई एक महिनामा तिन भन्दा बढी र एक पदाधिकारी तथा व्यक्तिलाई एक दिनमा दुई भन्दा बढी बैठक भत्ता भुक्तानी गर्ने गरेको छ। नमुना परीक्षणबाट एक महिनामा तीन वटा भन्दा बढी र एक दिनमा दुई वटा भन्दा बढी बैठक बसी भत्ता भुक्तानी लिएको केही उदाहरणहरु देहायअनुसार छन्। प्रचलित कानुनमा उल्लेखित भन्दा बढी संख्यामा भुक्तानी गरेको रकमलाई पालिकाले छानबिन गरी असुल गर्नुपर्दछ ।

| गो.भौ.नं. | २३९/०८०/११/१७ | | ६२४/०८१/०३/२४ | | ६१८/०८१/०३/२४ | ३२९/०८१/०१/१६ | ५९८/८१/०३/२२ | ५६४/०८१/०३/१७ |
|---|---|---|---|---|---|---|---|---|
| **बैठकहरु** | **गाउँसभा** | **कार्यपालिका** | **कार्यपालिका** | **गाउँ सभा** | **योजना फरफारक** | **पदपूर्ति समिति** | **वन, वातावरण तथा विपदव्यवस्थापन समिति** | **शिक्षा समिति** |
| | बैठक भत्ता लिएको मिति | | | | | | | |
| महिना | | | | | | | | |
| साउन | | १८,२५ | ११ | | | | | १७, |
| भाद्र | | १९,२१ | १७ | | | | | २६ |
| आश्विन | | १२,२७ | ९ | | | | | |
| कार्तिक | | २९ | २० | | १८ | | | |
| मंसिर | | १३ | ७ | | | | | |
| पौष | | २८,२९ | १८,२८ | | | | | |
| माघ | २६, २७ | २४ | ७,१६ | | | | | |
| फागुन | | ६ | २८ | १६, २८ | | | | |
| चैत्र | | ६,१३ | | | १२, १४, १६, २५ | ४, १३, १५, १५, १५, १६, १६, १६ | | ५,२७,२९ |
| बैशाख | | | | | २, १०, १४, २४, २५, २८, ३१, ३१ | माथि उल्लेखित मिति लगाएत जम्मा २४ वटा सम्मको भुक्तानी लिएको | | २४ |
| जेष्ठ | | | | | १, ३, ०६, ०८, ११, २०, ३०, ३२ | | २५,२९,२७ | |
| असार | | | | | ५, ९, ११, १२, १६, १७, १९, २०, २१, २२ | | १,२,२,३,४,५,७ | ९ |

७४ **विपत व्यवस्थापन तथा विपन्न सहायता कार्यक्रम**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **५,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

७५ **योजना जाँचपास तथा फरफारक**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **३९,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **३९,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **३९,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **३९,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **३९,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **३९,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **३९,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१४,०२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२९,३२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **३१,८७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **११,४७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

७६ **औषधी खरिद**

पालिकाले औषधी खरिद गर्दा तोकिएको मापदण्ड पालना गरी खरिद गर्नुपर्दछ ।पालिकाले समानीकरणबाट रु.१६,९६,१६२।-,संघीय शशर्तबाट रु.१४,१४,२८८।- गरी रु.३१,१०,४५०।– को औधधी खरिद गरी पालिकाका ६ वडाका स्वास्थ्य संस्थालाई वितरण गरेको छ ।सो सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्।

७६.१ **पटक पटक खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (१ख) मा उपनियम (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु पच्चिस लाख भन्दा बढीको औषधि एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । पालिकाले यस वर्ष देहाय अनुसार रु.३१,१०,४५०।- को औषधि विभिन्न आपूर्तिकर्ताबाट पटक पटक गरी सोझै खरिद गरेको छ । टुक्रा पारी पटक पटक औषधि खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| गो.भौ.नं. | मिति | विवरण | आपूर्तिकर्ता | रकम |
|---|---|---|---|---|
| **गाउँपालिका चालु** | | | | |
| १३ | २०८०/०६/२१ | औषधि खरिद | भगवती ड्रग हाउस | ९९५९४ |
| १४० | २०८०/०९/२६ | औषधि खरिद | भगवती ड्रग हाउस | ६७०७६६ |
| ५२१ | २०८१/०३/१३ | औषधि खरिद | भगवती ड्रगहाउस | ९९५२६ |
| १३ | २०८०/०६/२१ | औषधि खरिद | सि.एच.मेडिहेल्थ कर्न्सन प्रा.लि | ६५२५० |
| २५ | २०८०/०६/२६ | औषधि खरिद | जयमाता सर्जिकल एण्ड केमिकल हाउस | ९१७२३ |
| १४६ | २०८०/०९/२७ | औषधि खरिद | जयमाता सर्जिकल एण्ड केमिकल हाउस | ८१३३७ |
| २१२ | २०८०/११/०९ | औषधि खरिद | आर जि एम ट्रेडिङ | ३५१०६ |
| १४५ | २०८०/०९/२७ | औषधि खरिद | एस.ए. सर्जिकल एण्ड सप्लायर्स प्रा.लि. | ९९००० |
| ३०१ | २०८०/१२/२७ | औषधि खरिद | एस.ए. सर्जिकल एण्ड सप्लायर्स प्रा.लि. | ९७१७६ |
| ४२२ | २०८१/०२/०७ | औषधि खरिद | एस.ए. सर्जिकल एण्ड सप्लायर्स प्रा.लि. | ९९११० |
| ५८७ | २०८१/०३/२१ | औषधि खरिद | एस.ए.सर्जिकल एण्ड सप्लायर्स प्रा.लि. | ८५८८० |
| ४२३ | २०८१/०२/०७ | औषधि खरिद | मास मेडिसेल्स | ७१७७५ |
| ५२० | २०८१/०३/११ | औषधि खरिद | शाहना फार्मेसी | ९९९१९ |
| **जम्मा** | | | | **१६९६१६२** |
| **शर्शत चालु** | | | | |
| ४३ | २०८०/०९/२७ | औषधि खरिद | लुम्बिनीबायोमेडिक एण्ड सर्जिकल | ५७६८४ |
| २७२ | २०८१/०३/२१ | औषधि खरिद | शाहना फार्मेसी | ९९८२२ |
| २७७ | २०८१/०३/२१ | औषधि खरिद | एस.ए.सर्जिकल एण्ड सप्लायर्स प्रा.लि. | ७१८२४ |
| ६० | २०८०/१०/२८ | औषधि खरिद | बुढाथोकी सर्जिकल हाउस प्रा.लि. | ९९४१८ |
| १३४ | २०८१/०२/०१ | औषधि खरिद | सि.एच.मेडिहेल्थ कर्न्सन प्रा.लि | ४९९९१३ |
| २७४ | २०८१/०३/२१ | औषधि खरिद | ग्रान्डड्रग्स डिष्ट्रीब्युटर्स | ३९०००० |
| २०७ | २०८१/०३/१३ | औषधि खरिद | आर जि एम ट्रेडिङ | ८२३६४ |
| २९० | २०८१/०३/२१ | औषधि खरिद | आर जि एम ट्रेडिङ | १५००० |
| २८८ | २०८१/०३/२१ | औषधि खरिद | आर जि एमट्रेडिङ | ४९१९५ |
| २८८ | २०८१/०३/२१ | औषधि खरिद | भगवती ड्रग हाउस | ४९०६८ |
| **जम्मा** | | | | **१४१४२८८** |
| **कुल जम्मा** | | | | **३११०४५०** |

७६.२ **खरिद व्यवस्था**: खरिद गरिएका औषधीहरु डब्लु.एच.ओ. सर्टिफाइड भए नभएको एकिन गर्ने, वास्तविक मागमा आधारित भएर खरिद गर्ने, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७७ **कृषि उपज बजार संचालक समितिलाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोजिम वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्धेश्यले स्थापित संघ तथा संस्थालाई, समितिलाई उक्त रकम अनुदान दिन नमिल्ने देखिन्छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,सल्यान र कृषि उपज बजार संचालक समिति, कपुरकोटबिच ५०/५० प्रतिशत साझेदारी हुने गरी कृषि एम्बुलेन्सको खरिदको सम्झौता भएकोमा कृषि उपज बजार संचालक समितिको ५० प्रतिशत रकम पालिकाले मिति २०८०।१२।२६ को कार्यपालिकाको निर्णय गरेर उक्त समितिलाई भौचर नं १४७-२०८१।०३।२० बाट रु. १४,७८,४००।-भुक्तानी गरेको छ।यसरी समितिलाई अनुदान प्रदान गर्दा पालिकाबासीलाई प्राप्त हुन सक्ने लाभ तथा छुटको विषयमा कुनै सम्झौता समेत गरेको देखिँदैन। अत: पालिकाले कार्यविधि बनाई यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नुपर्दछ ।

७८ **बाख्रा अनुदानमा बीमा**

भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,कर्णाली प्रदेशबाट जारी कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० को बुँदा नं १२ मा व्यावसायिक रुपमा सञ्चालन हुने पशुधन अनुदान प्राप्त गर्ने अनुदानग्राहीले बीमा गर्नुपर्ने उल्लेख छ। पालिकाले सन्देश बाख्रापालन फर्मबाट १० वटा बोकाको प्रति बोका रु.१०,०००।– का दरले खरिद गरी भौचर नं ५०३/२०८१/०३/१० बाट रु.१,००,०००।– खर्च लेखेको छ।उक्त खरिद गरेको बोकाहरुको स्वास्थ्य परीक्षण गरी लाभग्राहीलाई वितरण गर्दा बीमा गराएको छैन। पालिकाले वितरण गरेको अनुदानको अनुगमन समावेश नभएकोले अनुदान रकमको सही सदुपयोग भए/ नभएको एकिन भएन।अत: उक्त अनुदान वितरणको सही सदुपयोग भए/नभएको विषयमा पालिकाले अनुगमन गर्नुपर्दछ।पालिकाले यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।उक्त खरिद गरिएको बोकाको बीमा नभएको र ट्याग नलगाएकोले बीमा तथा ट्याग लगाएको प्रमाण पेस गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

७९ **परामर्श सेवाको लागत अनुमान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ बमोजिम सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा उपनियम ९ को अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने तथा उपनियम २ बमोजिमका कुराहरुलाई आधार लिई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायबमोजिमको परामर्श सेवा लिँदा लागत अनुमान स्वीकृत नगरी प्रस्ताव माग गरी खरिद सम्झौता गरेको देखिन्छ । तसर्थ नियमावलीमा उल्लेखित प्रावधानको पालना गर्ने तर्फ जिम्मेवार पदाधिकारी जिम्मेवारी हुनुपर्दछ ।

| परामर्श सेवा | परामर्शदाता | सम्झौता रकम |
|---|---|---|
| योजना व्यवस्थापन प्रणाली | एम्फासिस टेक फाउण्डेसन प्रा.लि. | ४९७२०० |
| EHIRRS, Palika monitoring portal, server hosting and domain name service | कोड फ्युजन टेक्नोलोजि | ४४९९९९ |
| प्रारम्भिक वातावरणीय परीक्षण | ई .सि.सि.आर.सि. नेपाल प्रा.लि | ५५८५०० |

८० **सार्वजनिक सुनुवाई**

सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८१ भाग ५ दफा ४७(१) बमोजिम गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयले आर्थिक वर्षको प्रत्येक चौमासिक अवधिमा कार्यालयबाट सञ्चालित सम्पूर्ण योजना, कार्यक्रम तथा सेवा प्रवाहको सार्वजिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै दफा ४९ बमोजिम सार्वजनिक सुनुवाईमा समावेश गरिने विषयवस्तु उल्लेख गरीएको छ । मिति २०८०/०६/०७ मा मिति २०८० असोज १० गते देखि २०८१ असार ०५ गते सम्ममा गाउँपालिकाको सार्वजनिक सुनुवाई, कपुरकोट गतिविधि तथा जागरमुलक रेडियो सन्देश उत्पादन तथा प्रसारणको लागि नागरिक सूचना केन्द्रसँग रु.४ लाखमा खरिद सम्झौता भएकोमा पालिकाले भौचर नम्बर ६१४/०८१/०३/२३ बाट सार्वजनिक सुनुवाईको उत्पादन तथा प्रसारणको वापत रु.१,९९,४४५/- भुक्तानी गरेकको छ । रकम भुक्तानी गर्दा सार्वजनिक सुनुवाई तथा पालिकाको गतिविधि उत्पादनको प्रति, प्रतिवेदन, सुनुवाईको झलकहरु तथा प्रसारण जिङ्गल समावेश गरेको नदेखिएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९९,४४५ |

८१ **सफ्टवयेर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा संचालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले निम्न बमोजिम सफ्टवेयर खरिद गरेकोमा सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन ।प्रणालीको नियमन, नियन्त्रण, अनुगमन तथा सुरक्षण सुनिश्चित गरी सफ्टवेयर निर्माण एवं उपयोग गर्नुपर्दछ ।

| गो.भौ.नं./मिति | सफ्टवेयर | परामर्शदाता | रकम |
|---|---|---|---|
| ३८-०८०/०७/०२ | योजना व्यवस्थापन प्रणाली | एम्फासिस टेक फाउण्डेसन प्रा.लि. | ४९७२०० |
| ५७०-०८१/०३/१८ | EHIRRS, Palika monitoring portal, server hosting and domain name service | कोड फ्युजन टेक्नोलोजि | ४४९९९९ |
| | **जम्मा** | | **९४७१९९** |

८२ **दुर्घटना बिमा**

कर्णाली प्रदेशका पदाधिकारीको सेवा सुविधा सम्बन्धि ऐन, २०७७ को दफा १२(५) सदस्यहरुले उपदफा (१) बमोजिम भ्रमण गर्दा भ्रमण अवधिको लागि अनुसुची-२ मा उल्लेख भए बमोजिमको रकम बराबर दुर्घटना बीमा गर्दा लाग्ने बीमा शुल्क बापत बिल बमोजिमको रकम उपलब्ध हुने व्यवस्था रहेको छ । भ्रमण खर्च नियमावली, २०६४ को नियम ११(१) बमोजिम दुर्घटना बीमामा लाग्ने बिल बमोजिमको प्रिमियम खर्च पाउने व्यवस्था छ । पालिकाले देहाय बमोजिम पदाधिकारी तथा कर्मचारी बिमा बापत वार्षिक रुपमा बिमा गरी रु.१,७७,५१५/- खर्च भुक्तानी गरेको नियमसम्मत नभएको रु.

| गो.भौ.नं./मिती | विवरण | रकम |
|---|---|---|
| ५८१-०८१/०३/२१ | ३४ जना जनप्रतिनिधि | १७७५१५ |
| | १०७ जना स्थायी तथा करार कर्मचारी | |

| | |
|---|---|
| अनियमित भएको | १,७७,५१५ |

८३ **गाडीको सम्झौता नगरी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ।पालिकाले भौ. नं. १२६- २०८१।०३।११ बाट कपुरकोट ग्रिन वेल्ट कार्यक्रम अन्तर्गत राष्ट्रिय वनस्पति उद्यान, गोदावरीबाट ४५५ थान विरुवा खरिद गरी ढुवानी वापत धर्मराज थापालाई रु.१५,०००।– र सन्तोष डाँगीलाई

रु.१४,५००।– भुक्तानी दिएको छ।यसरी विरुवा ढुवानीबापतको भुक्तानी गर्दा के कति दरमा ढुवानी गर्ने हो, सो सम्बन्धमा कुनै सम्झौता गरेको छैन। पालिकाले सम्झौता नगरी गाडी भाडा बापत भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २९,५०० |

८४ **पारिश्रमिक कर**

आयकर ऐन, २०५८ को दफा ४ को अनुसूची १(२) अनुसार वार्षिक आयमा कर गणना गरी भुक्तानी दिँदा पारिश्रमीक कर कट्टा भुक्तानी दिनुपर्ने व्यवस्था छ।पालिकाले देहाय बमोजिमका कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा वार्षिक आय गणना नगरी दाखिला गर्नु पर्ने कर दाखिला नगरेकोले नियमानुसार सम्बन्धित बाट असुल गर्नुपर्ने रु.

| **क्र.स** | **नाम** | **पद** | **वार्षिकआय** | **करयोग्य आय** | **कररकम** |
|---|---|---|---|---|---|
| १ | देवेन्द्रकुमार सेन | सि.अ.हे.व | ७८९१६१ | ३०७२९ | ३०७२ |
| २ | लोक बहादुरबस्नेत | जनस्वास्थ्यनिरीक्षक | ७८९१६१ | ३०७२९ | ३०७२ |
| **जम्मा** | | | | | **६१४४** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रु **३,०७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,१४४ |

८५ **शिर्षक फरक पारी खर्च लेखेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।त्यस्तै, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २८ मा प्रचलित कानून बमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि प्रयोग गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तहका स्वास्थ्य शाखा,स्वास्थ्य चौकी,प्राथमिक स्वास्थ्य केन्द्र,अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलब, महंगी भत्ता र पोशाक भत्ताबाट देहायका अन्य खर्च वापत भुक्तानी गरेको रकम संघिय सञ्चित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रकम रु.

| क्र.सं. | भौ.नंर मिति | खर्च शिर्षक | वापत | रकम |
|---|---|---|---|---|
| १ | २२/०८०/०७/०३ | स्थानीय तहका स्वास्थ्यशाखा,स्वास्थ्य चौकी,प्राथमिक स्वास्थ्य केन्द्र,अस्पताल तथा आयुर्वेदऔषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्विकृत दरबन्दी अनुसारको तलब,महंगीभत्ता र पोषाक भत्ता | संचारखर्च | ३००० |
| २ | ४५/०८०/०९/२७ | | भ्रमणखर्च | १७००० |
| ३ | ७१/०८०/११/१४ | | पानी तथाविजुली | ८७८० |
| ४ | ७०/०८०/११/१४ | | भ्रमणखर्च | २०२०० |
| ५ | २७५/०८१/०३/२१ | | भ्रमणखर्च | १२००० |
| ६ | २७८/०८१/०३/२१ | | पानी तथाविजुली | २१४७७ |
| ७ | २८३/०८१/०३/२१ | | भ्रमणखर्च | १५७१५० |
| ८ | ३०५/०८१/०३/२४ | | संचार/ व्यानरखरिद | ४००० |
| **जम्मा** | | | | **२४३६०७** |

| प्रमाण पेश नगरेको | २,४३,६०७ |
|---|---|

८६ **पाठ्यपुस्तक**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्विन पुस्तीकामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान पहिलोपटकमा विद्यार्थी संख्याको ७५% संख्यालाई पहिलो चौमासिकमा दिने र शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५% बाट अनुदान दिने व्यवस्था छ । पालिकाले दुई पटक गरी एकमुष्ठ रु.२४ लाख ९ हजार ४ सय पाठ्यपुस्तक वापतको रकम निकासा गरेको छ ।सबै विद्यालयले विधार्थीलाई पाठ्यपुस्तक वितरण गरेको भरपाई पेश गरेको छैन।समयमै पाठ्यपुस्तक वितरण गरे नगरेको सम्बन्धमा पालिकाले विद्यालयको नियमित अनुगमन गरी अधावधिक विवरण तयार गरी राख्नुपर्दछ। IEMIS र भरपाई पेश गरेका आधारमा कालिका मा.वि. लाई पाठ्यपुस्तक वापत रु. २,४३,२२४/- निकासा हुनुपर्नेमा रु. २,५७,४८०/- निकासा भएको हुँदा बढी निकासा भएको रु. १४,२५६/- असुल गर्नुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१३,३१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **७३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | १४,२५६ |
|---|---|

८७ **छात्रवृत्ति अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं ४.२ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र कक्षा १-५ का गैर आवासीय छात्रा विद्यार्थीलाई वार्षिक रु.४००, ६-८ का गैर आवासीय छात्रा विद्यार्थीलाई वार्षिक रु.४०० र दलित विद्यार्थीलाई रु. ४०० छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा पालिका अन्तर्गतका २४ वटा विद्यालयमा रु.६ लाख ४७ हजार निकासा गरेको छ । IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान

निकासा गरेको नियमसंगत देखिदैन । साथै विद्यालयलबाट छात्रवृत्ति वितरण गरेको भर्पाई पेश भएबमोजिम निम्न विद्यालयको बढी निकासा असुल हुनुपर्ने रु.

| **क्र.स** | **विद्यालयकोनाम** | **हुनुपर्नेनिकासा** | **भएकोनिकासा** | **बढीनिकासा** |
|---|---|---|---|---|
| १ | जनचेतनाप्रा.वि | ८००० | १७२०० | ९२०० |
| २ | सरस्वतीआ.वि,जामुनेचौर | ३२००० | ३७२०० | ५२०० |
| ३ | नेपालराष्ट्रिय मा.वि | ७८८०० | ८०६०० | १८०० |
| **जम्मा** | | | | **१६२००** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,२०० |

८८ **पालिका अनुदान शिक्षक**

अन्तर सरककारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका विद्यालय शिक्षक, कर्मचारी तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले राजश्वबाडँफाडँबाट कानुन निर्माण नगरी पालिका अनुदान शिक्षक व्यवस्था गरी स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता भुक्तानी गरेका शिक्षक, कर्मचारी र बालविकास सहजकर्तालाई यस वर्ष रु.१,०६,१९,८५४/-पारिश्रमिक भुक्तानी गरेको छ । साथै कुन विद्यालयमा कुन शिक्षकको लागि कति रकम निकासा गर्ने हो सो विवरण उल्लेख गरेको छैन । उल्लेखित ऐनको व्यवस्था विपरित पालिकाले विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान नगरी र शिक्षक विद्यार्थी अनुपात समेत विश्लेषण नगरी पालिका अनुदान शिक्षक व्यवस्था गरी पारिश्रमिक भुक्तानी दिएको हुँदा यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| गो.भौ.नं./मिति | विवरण | रकम |
|---|---|---|
| १३८-०८०/०९/२६ | प्रथम त्रैमासिक पालिका अनुदान | २२२९७२९ |
| २८६-२०८०/१२/१६ | तेश्रो त्रैमासिक | ६१४८६२५ |
| ५६७-०८१/०३/१७ | चौथो त्रैमासिक पलिकना अनुदान | २२४१५०० |
| **जम्मा** | | **१०६१९८५४** |

## ८९ शिक्षक दरवन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिकामा रहेका २४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालय | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्तिमध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | उच्च माध्यामिक तह | ९ | ९ | ९ | ३२४ |
| २ | माध्यामिक तह | १० | १० | २ | ५९९ |
| ३ | नि.मा.वि तह | ७ | ७ | १ | १०४९ |
| ४ | प्रा.वि तह | ५६ | ५६ | ४ | १८५६ |
| ५ | बालविकास | २४ | २४ | २४ | ८८८ |
| **जम्मा** | | **१०६** | **१०६** | **४०** | **४७१६** |

अत: विद्यार्थीको संख्याका आधारमा शिक्षकको पदपूर्ति हुनुपर्दछ।

## ९० ल्याब सामग्री सहयोग अनुदान

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१० विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुको लागि प्रयोगशालाको स्तरोन्नती गर्नको लागि प्रति विद्यालय रु.२,००,०००/- अनुदान दिन सकिने व्यवस्था रहेको छ।त्यस्तै विद्यालयले नियमित रुपमा ल्याब सञ्चालन गर्न मर्मत, सभार एवम् सामग्री व्यवस्था गर्ने व्यवस्था छ।पालिकाले जिवन ज्योती मा.वि लाई ल्याब सामग्री व्यवस्थापनको लागी रु.२,००,०००/- अनुदान दिएको देखिन्छ।पालिकाले उक्त विद्यालयलाई अनुदान दिँदा सम्झौता, विद्यालयले सामग्री खरिद गरेको बिल, कार्यसम्पन्न र अनुगमन प्रतिवेदन पेश गरेको छैन।उक्त विद्यालयले ल्याब सामग्री खरिद गरेको बिल भरपाई र जडान गरेको अनुगमन गरी कार्यसम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

## ९१ नि:शुल्क शिक्षा

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

## ९२ विद्यालयको अनुगमन नियमन व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय सम्बन्धि मापदन्ड तयार गरेको छैन।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

## ९३ न्यानो झोला खरिद

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०/८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुगमन गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारीक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। पालिकाको न्यानो झोलाको विवरण अनुसार गत वर्षको मौज्दात ३०० र यस वर्ष खरिद २२० थान गरी जम्मा ५२० झोला प्राप्त भएकोमा गत वर्ष १९३ र यस वर्ष १३८ जना गरी जम्मा ३३१ जना मात्र प्रसुति भएको अभिलेख बाट देखिन्छ।प्राप्त न्यानो झोला मध्ये ३३१ वितरण गरी १८९ यस वर्ष मौज्दात रहेको देखिन्छ । खरिद भएका झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तरीय भए नभएको आधिकारिक तहबाट परिक्षण गरेको देखिएन।तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ।लामो समय भन्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

## ९४ बील भरपाई

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले ReAL Plan कार्यक्रम संञ्चालनमा आवश्यक पर्ने शिक्षक स्रोत सामग्री र निदानात्मक साधन छपाईको लागी भौ.नं २४७/०८१/०३/१८ बाट एकमुष्ट रु.३,५५,५५६/- खर्च लेखेको देखिन्छ। उक्त सामग्रीहरु जि.एस. ट्रेडीङ्ग सप्लायर्स बाट मिति २०८१/०३/१४ गते खरिद गरी वितरणको लागि दैनिक रु.७,०००/- को दरले ५ दिनको रु.३५,०००/- गाडी भाडा वापतको रकम खर्च लेखेको छ।उक्त सामाग्री कसलाई कति संख्यामा वितरण गरेको हो तथा कहाँ वितरण गरेको हो भन्ने प्रमाण पेश भएन ।अत: खरिद गरिएको सामग्री वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९०,५५६ |

## ९५ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्‍याउने तथा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम अन्तर्गत पालिकामा ११ वटा योजना सञ्चालन गरी ९२ जनालाई १०० दिनले रोजगारी उपलव्ध गराई रु.६१,०७,८४६/- श्रमिक ज्याला खर्च गरेको छ ।अनुसूची-३ मा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम एक सय दिनको रोजगारी उपलब्ध गराउनुपर्ने व्यवस्था भएपनि पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम १०० र न्यूनतम ९० दिन रोजगार पाएतापनि सुचिकृत भएका ३००३ व्यक्ति मध्ये ९२ बाहेक २९११ जनाले सय दिनको रोजगार प्राप्त गरेको देखिदैन।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । कार्यक्रमको उद्वेश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

## ९६ मुख्यमन्त्री रोजगार कार्यक्रम

कर्णाली प्रदेशभित्र कामको सृजना गरी बेरोजगार युवालाई रोजगारी दिने उद्धेश्यले मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ जारी भई मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यविधि, २०७८ अनुसार पालिकामा ६ वटा योजना सञ्चालनमा विनियोजित रु.९० लाख मध्ये रु.८८ लाख १५ हजार ६ सय खर्च भएको छ। सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः

९६.१ **रोजगारी स्थिति** - कार्यविधिको परिच्छेद-३ (६) मा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा खर्च गरी श्रमिकको बैंक खातामा निकासा गर्नुपर्ने व्यवस्था छ।कार्यक्रममा छनोट भएका प्रतिवडा १ आयोजनाका दरले ६ वटा कार्यक्रममा श्रमिक ज्याला रु.४४,०५,६६०।– तथा सामाग्री खरिदमा रु.४४,१०,०००।– खर्च भएको छ । पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम ८७ दिन र न्यूनतम ७ दिन मात्र श्रमिकले रोजगार पाएको देखिन्छ । सुचिकृत भएका व्यक्ति ३००३ जनाले एक सय दिनको रोजगार प्राप्त गरेको देखिदैन । ६ वटा कार्यक्रम सम्पन्न गर्न सुचिकृत भएका १९३ जना श्रमिकले रोजगारी प्राप्त गरेका छन । कार्यक्रमको उद्धेश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

९६.२ **सार्वजनिक लेखापरीक्षण** - मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १४ बमोजिम आयोजना कार्यन्वयन गर्ने निकायले अन्तिम भुक्तानी गर्नुपूर्व आयोजनाको लागत, प्रगति विवरण, खर्चका बिल भरपाई, श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरण लगायतका विषयको सार्वजनिक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालित आयोजनाहरुको निर्देशिका बमोजिम सार्वजनिक लेखापरीक्षण गराएको छैन । कार्यविधिले तोकेका सुचकहरु समावेश गरी सार्वजनिक लेखापरीक्षण गर्नुपर्दछ ।

## ९७ कृषी अनुदान

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकावाट देहाय अनुसार रु.५४,३४,३६३/- खर्च भएको छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| क्र.म | अनुदानको किसिम | व्यक्ती संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | विषादी,सिचांई पाईप र हिल टंकी | १५० | ३७९४३८ |
| २ | हाइब्रिड तरकारी (गोलभेडा र ग्रिन क्रोनेट बन्दा )को विउ वितरण | ३५० | ५९९९०० |
| ३ | तरकारीको कम्पोजिट प्याकेट(घिउ सिमी,रायो,तने वोडी,भिन्डी र धनिया) | ६०० | १९२५०० |
| ४ | पाईप,हिल टंकी, मिनिटीलर,स्प्रेर पलाष्टिक क्रेट | ७५ | ४९७५२५ |
| ५ | बहुउद्देश्यीय नर्सरी स्थापना साझेदारी | - | ३००००० |
| ६ | कृषि एम्बुलेन्स खरिद | - | १९६५००० |
| ७ | कृषि एम्बुलेन्स खरिद | - | १५०००००  |
| | **जम्मा** | ११७५ | ५४३४३६३ |

## ९८ सहकारी संस्थाको नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । दर्ता भएका सहकारी संस्था निस्कृय रही त्यस्ता संस्थाको कारोबार तथा दायित्वको शुक्ष्म मूल्याङ्कन गरेर नागरिकको पुँजी तथा बचत सुरक्षा गर्न अनुगमन गरी आवश्यक परेमा कानून बमोजिमको कारवाही प्रकृया अगाडी बढाई ऐनमा भएका प्रावधान लागू गराउनेतर्फ पालिका क्रियाशील हुनुपर्ने देखिन्छ।

## ९९ राजश्व दाखिला

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा सोको भोलीपल्ट दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ ।पालिकाले गाउँ प्रहरी मार्फत देहायको सवारी साधनको भाडा नगदी रसिद काटी असुल गर्ने गरेकोमा असुल भएको भाडा रु. ७,४९,०००/- मध्ये रु. ६,५७,९९६/- मात्र आन्तरिक राजस्व खातामा दाखिला गरेको देखियो । दाखिला हुन बाँकी भाडा रकम आन्तरिक राजस्व खातामा दाखिला हुनुपर्ने रु.

| शिर्षक | जिम्मेवारी व्यक्ति | असुली | दाखिला | बाँकी |
|---|---|---|---|---|
| एम्बुलेन्स वापतको सेवा शुल्क | विशाल थापा | ३६७५०० | २९१९९६ | ७५५३५ |
| ट्याक्टरको भाडा | जित बहादुर ओली | ३८१५०० | ३६६००० | १५५०० |
| **जम्मा** | | **७४९०००** | **६५७९९६** | **९१०३५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९१,०३५ |

## १०० जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(३) र (४) बमोजिम पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन तालुक कार्यालयमा पठाएपछि सोको सम्बन्धमा कुनै निर्देशन पठाएमा सो समेत बिचार गरी लिलाम बिक्री गर्नुपर्ने सामान ६ महिनाभित्र र मर्मत सम्भार गर्नुपर्ने भए ३ महिनाभित्र लिलाम बिक्री वा मर्मत सम्भार गरिसक्नुपर्ने उल्लेख छ ।यस पालिकाले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत गर्नुपर्ने भनी उल्लेख गरिएकोमा मोटरसाइकल, कम्प्युटर, पानी तान्ने पम्प, ल्यापटप, टेबल, दराज, सोफासेट लगायतका मालसामानहरु मर्मत गरी प्रयोगमा ल्याएको पाइएन।अत: जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत गर्नुपर्ने भनी उल्लेख गरिएका सामानहरु समयमै मर्मत गरी प्रयोगमा ल्याउनु पर्दछ।

## १०१ सामाजिक सुरक्षा भत्ता

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद-२ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरणका लागि कुल रु.६,९९,९६,००९.२५ विद्युतीय भुक्तानी प्रणालीमार्फत सम्बन्धितको खातामा पठाईएको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

१०१.१ **विवरणको समिक्षा:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद- ७ दफा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँसभामा पेश गर्नुपर्ने, स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था छ।पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी यस कार्यविधि बमोजिमको समिक्षा गरेको पाइएन।कार्यविधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ।

१०१.२ **अभिलेख अद्यावधिक** : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१) मा उल्लेखित समयावधि भित्र सम्बन्धित पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ।सो कार्यविधिको ५ को उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आवमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गरेको पाईएन।तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्न तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

## १०२ आन्तरिक लेखापरीक्षण

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३(८) वमोजिम आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फस्र्यौट तथा सम्परिक्षण गराउनु पर्ने तथा दफा ३३(९) वमोजिम आन्तरिक लेखापरीक्षणको सुझावहरुको सम्वन्धमा कारण सहित हटाएकोमा वाहेक अन्य सुझावहरुलाई अन्तिम लेखापरीक्षण प्रतिवेदमा समावेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका देहायका व्यहोरा अन्तिम लेखापरीक्षण हुँदा सम्म फर्छयौट नभएकोले देहाय अनुसार समावेश गरिएको छ :

| गो.भौ.नं./मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| **बढी भुक्तानी** | | | |
| २३ -२०८०/०६/२६ | कार्यालय व्यवस्थापन तथा विविध खर्च | देवेन्द्र कुमार सेन | १२०० |
| ८३- २०८०/०८/०७ | निर्माणको बढी भुक्तानी | महतारा पोल्ट्री फर्म | २८०० |
| २६३-२०८०/१२/०८ | वडा नं १ मा आमा दिदिबहिनी कार्यक्रम | वडा सचिव | ४३२० |
| ४२२-२०८१/०२/०७ | औषधि खरिद | एस.ए. सर्जिकल एण्ड सप्लायर्स प्रा.लि. | १००० |
| ९५-२०८१/०२/०९ | चुनवाङ खानेपानी ट्याङकी निर्माण उ.स. वडा नं ४ | चुनवाङ खानेपानी ट्याङकी निर्माण उ.स. | १५०० |
| ९८-२०८१/०२/११ | मुसेखोला तल्लो कुलो निर्माण उ.स. | मुसेखोला तल्लो कुलो निर्माण उ.स. | ५४८ |
| ११२-२०८१/०२/३२ | सडक निर्माण वडा नं ६ | सडक निर्माण वडा नं ६ | ३८०४ |
| १७४-२०८१/०३/२४ | कृषि टहरा फर्स तथा सडक सुधार. वडा नं ६ | कृषि टहरा फर्स तथा सडक सुधार | ४५०० |
| **जम्मा** | | | **१९६७२** |
| **कर दाखिला बाँकी** | | | |
| ३० २०८०/११/०२ | भुवनेश्वरि विल्डर्स बिचमा सडकमा ग्रावेल ढुवानी को बाहल कर दाखिला गर्नुपर्ने | भुवनेश्वरि विल्डर्स | ४२०० |
| **जम्मा** | | | **४२००** |
| **कुल जम्मा** | | | **२३८७२** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२,८९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **४५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,८७२ |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारीको सेवा सुविधा सम्बन्धि ऐन, २०७७ को ९(४) बमोजिम उपदफा (१), (२) र (३) बमोजिम सवारी साधन उपलब्ध नभएको अवस्थामा त्यस्तो पदाधिकारीले अनुसूची- २ बमोजिमको यातायात खर्च पाउन सक्ने व्यवस्था रहेको छ । पालिकाले गाउँपालिका उपाध्यक्ष श्री प्रकाश भरारीलाई सवारी साधन उपलब्ध नभएकोले मासिक रु.१२,०००/- यातायात सुविधा उपलब्ध गराएको छ । सो अवस्थामा मिति २०८० भाद्र ०७, आश्विन ११, आश्विन १३, कार्तिक १७, पौष १ र पौष १७ मा सवारी साधन भाडामा लिएको जनाई पालिका उपाध्यक्ष श्री प्रकाश भरारीले लगबुक प्रमाणित गरेको आधारमा यातायात व्यवसायीलाई बहाल कर कट्टि गरी रु.३७,८००/- भुक्तानि गरेको देखिन्छ । उक्त सवारी साधनको स्पष्ट प्रयोजन/प्रयोग नखुलाई यातायात व्यवसायीलाई भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको रु. | ३७,८०० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : कपुरकोट गाउँपालिका, सल्यान , कपुरकोट गाउँपालिका , सल्यान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Bharat Kumar Oli | २०७८-११-१३ | २०८१-९-२८ |
| कार्यालय प्रमुख | Dinesh Poudel | २०८१-९-२९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Bishnu Prasad Acharya | २०७८-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,५२०,९०२ | १०,३७२,७७४ | ५,८३६,१३४ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १७,७२९,८१० |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १,३०२,१०१ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ३७,८०० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १६,४६५,५०९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १३२६२०२२.९७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २६१८६८३९५ | चालु खर्च | २४६०९६९७९.२४ |
| प्रदेश सरकारबाट अनुदान | २७३११७०३ | पूँजीगत खर्च | ९८३९२४३० |
| राजश्व बाँडफाँट | ६९५३६४७५.७४ | वित्तीय/अन्य व्यवस्था | १५१९९९२८९.३८ |
| आन्तरिक आय | ८३०३२३३.०५ | | |
| अन्य आय | १३२३६४५७६.५९ | | |
| कुल आय | ४९९३८४३८३.३८ | कुल खर्च | ४९६४८८६९८.६२ |
| बाँकी मौज्दात | | १६१५७७०७.७३ | |

## बेरूजु दफा १९ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| गाउँपालिकातर्फ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | स्वीकृत पद | तह/श्रेणी | सेवा समुह | दरवन्दी संख्या | पदपूर्ति (आषाढ मसान्तको स्थिति) | | | | रिक्त पद | कैफियत |
| | | | | | स्थानीय सेवामा कार्यरत | संघबाट समायोजन भई आएको | साविक स्थानीयमा कार्यरत | आन्तरिक पदपूर्ति | | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औँ | सामान्य प्रशासन | १ | ० | १ | ० | ० | ० | |
| २ | इन्जिनियर | ७/८ औँ | नेपाल इन्जिनियरिङ सिभिल | १ | ० | ० | ० | ० | १ | हाल पदपूर्ति भईसकेको प्रदेश लोकसेवाबाट |
| ३ | अधिकृत | ७/८ औँ | प्रशासन लेखा | १ | ० | ० | ० | ० | १ | हाल प्रदेश लोकसेवाबाट सिफारिस हुने चरणमा |
| ४ | अधिकृत | ७/८ औँ | शिक्षा प्रशासन | १ | १ | ० | ० | ० | ० | |
| ५ | अधिकृत | ६/ ७ औँ | सामान्य प्रशासन | २ | १ | ० | १ | ० | ० | |
| ६ | आन्तरिक लेखा परीक्षक | ५ औँ | लेखा | १ | १ | ० | ० | ० | ० | |
| ७ | सहायक | ५ औँ | सामान्य प्रशासन | ४ | १ | ० | १ | ० | २ | |
| ८ | कम्प्युटर अपरेटर | ५ औँ | विविध | १ | १ | ० | ० | ० | ० | |
| ९ | लेखा सहायक | ५ औँ | प्रशासन लेखा | १ | ० | ० | १ | ० | ० | |
| १० | प्राविधिक सहायक | ५ औँ | शिक्षा प्रशासन | १ | १ | ० | ० | ० | ० | |
| ११ | सब इन्जिनियर | ५ औँ | इन्जिनियर सिभिल | १ | १ | ० | ० | ० | ० | |
| १२ | अ. सब इन्जिनियर | ४ औँ | इन्जिनियर सिभिल | १ | १ | ० | ० | ० | ० | |
| १३ | सहायक महिला विकास निरीक्षक | चौथो | विविध | १ | ० | १ | ० | ० | ० | |
| १४ | खा प स टे | चौथो/पाँचौ | इन्जिनियर सिभिल स्यानिटरी | १ | १ | ० | ० | ० | ० | |
| | जम्मा | | | १८ | ९ | २ | ३ | ० | ४ | |
| वडा कार्यालय तर्फ | | | | | | | | | | |
| क्र.सं. | स्वीकृत पद | तह/श्रेणी | सेवा समुह | दरवन्दी संख्या | | पदपूर्ति (आषाढ | | | रिक्त पद | कैफियत |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मसान्तको स्थिति) | | | | |
| | | | | | स्थानीय सेवामा कार्यरत | संघबाट समायोजन भई आएको | साविक स्थानीयमा कार्यरत | आन्तरिक पदपूर्ति | | |
| १ | सहायक | ५ आैँ | सामान्य प्रशासन | २ | ० | ० | ० | ० | २ | |
| २ | सब इन्जिनियर | ५ आैँ | इन्जिनियर सिभिल | २ | १ | ० | ० | ० | ० | |
| ३ | सहायक | ४ आैँ | सामान्य प्रशासन | ४ | १ | १ | | ० | २ | |
| ४ | अ. सब इन्जिनियर | ४ आैँ | इन्जिनियर सिभिल | ४ | १ | ० | १ | | १ | |
| | | | | १२ | ३ | १ | १ | ० | ५ | |

स्वास्थ्य तर्फ

| क्र.सं. | स्वीकृत पद | तह/श्रेणी | सेवा समुह | दरवन्दी संख्या | पदपूर्ति (आषाढ मसान्तको स्थिति) | | | | रिक्त पद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थानीय सेवामा कार्यरत | संघबाट समायोजन भई आएको | साविक स्थानीयमा कार्यरत | आन्तरिक पदपूर्ति | | |
| १ | अधिकृत | ६ आैँ | स्वास्थ्य हे इ | ५ | ० | ५ | ० | ० | ० | |
| २ | अधिकृत | ६ आैँ | क न / ज न | १ | ० | १ | ० | ० | ० | |
| ३ | सहायक | ५ आैं | स्वा.से. हे ई | ४ | ० | ४ | ० | ० | ० | |
| ४ | सहायक | ५ आैं | स्वा.से. क न | ४ | ० | ४ | ० | ० | ० | |
| ५ | सहायक | ४ आैं | स्वा.से.हे ई | ४ | ० | ४ | ० | ० | ० | |
| ६ | सहायक | ४आैं | स्वा.से. क न | ४ | ० | ४ | ० | ० | ० | |
| | जम्मा | | | २२ | | २२ | ० | ० | ० | |

कृषीपशुपंक्षी तर्फ

| क्र.सं. | स्वीकृत पद | तह/श्रेणी | सेवा समुह | दरवन्दी संख्या | पदपूर्ति (आषाढ मसान्तको स्थिति) | | | | रिक्त पद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थानीय सेवामा कार्यरत | संघबाट समायोजन भई आएको | साविक स्थानीयमा कार्यरत | आन्तरिक पदपूर्ति | | |
| १ | पशु स्वास्थ्य प्राविधिक | ७/८ आैँ | नेपाल कृषि ( लापोडेडे) | १ | ० | ० | ० | ० | १ | हाल प्रदेश लोकसेवाबाट पदपूर्ति भएको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | पशु स्वास्थ्य प्राविधिक | पाँचौ | भेटेरीनरी | १ | ० | १ | ० | ० | ० | |
| ३ | पशु स्वा प्राविधिक | चौथो | भेटेरीनरी | १ | १ | ० | ० | ० | ० | |
| ४ | अधिकृत (कृषि) | ७/८ औं | कृषी/माटो विज्ञान | १ | ० | ० | ० | ० | १ | हाल प्रदेश लोकसेवाबाट पदपूर्ति भएको |
| ५ | प्राविधिक सहायक | पाँचौ | नेपाल कृषि (लापोडेडे) | १ | ० | १ | ० | ० | ० | |
| ६ | ना प्राविधिक सहायक | चौथो | नेपाल कृषि (लापोडेडे) | १ | ० | १ | ० | ० | ० | |
| | जम्मा | | | ६ | १ | ३ | ० | ० | २ | |
| | कूल जम्मा | | | ५८ | १३ | २८ | ० | ० | ११ | |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भौतिक पूर्वाधार निर्माण गर्दा गुणस्तर आश्वस्तता योजनाले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन गरी आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।